Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ४ २०८१ साल साउन ३१ गते बिहीबार (Aug 15, 2024) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## राज्यमन्त्री तामाङलाइ चुचुरेका जनताले दिए बधाई र शुभकामना



काठमाडौं- रामेछाप जिल्लावाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पुर्ण बहादुर (कान्छाराम) तामाङ उर्जा, जलस्रोत तथा सिचाइ मन्त्री भएको खुशीयालिमा रामेछापको चुचुरेका काठमाडौ बसोबास गर्ने नागरिकहरुले भव्य कार्यक्रमको आयोजना गरि बधाई तथा शुभकामना दिएका छन् ।

काठमाडौको जोरपाटीस्थित पिस ब्यङकेटमा शुभकामना तथा बधाई कार्यक्रम राखिएको हो । कार्यक्रममा गोकुलगगा गाउपालिकाकि उपाध्यक्ष लगायत गोकुलगगाका अन्य नागरिकहरुको पनि सहभागीता रहेको थियो ।

सोही अवसर पारेर चुचुरेका युवाहरु श्याम कार्की, रविन विष्ट, कमल घिमिरे, मनि कुमार लामा,छिरिङ शेर्पाको समुहले बधाई तथा शुभकामना सहितको सम्मान पत्र समेतले सम्मानित गरेका छन् ।

उक्त कार्यक्रमलाइ सम्बोधन गर्दै राज्यमन्त्री तामाङले भने, "रामेछापका जनताले मतदान गरि आज यो महत्वपूर्ण पदमा मलाइ पुर्याउनु भएकोमा धन्यवाद दिन्छु । म अव रामेछापको मात्रै राज्यमन्त्री नभएर देशकै राज्यमन्त्री भएको हुनाले सविधान साचि राखेर जनताको हितमा काम गर्ने छु" भन्दै गोकुलगगाको चुचुरेमा म आफै जन्मेको गाउको लागि वडा कार्यालयसम्म पुग्ने बाटोको लागि १ करोड बजेटको व्यवस्था गरेको पनि बताएका छन ।

केहिदिन पछि रामेछापका जनतासग भेटघाट गर्न जाने पनि राज्यमन्त्री तामाङले सोहि कार्याक्रममा बताएका छन् ।

# जतातत‍ै नयाँ मन्दिर होइन एतिहासिक क्षेत्रहरूको संरक्षण गरौ

**मोहन कार्की**

स्थानीय शासन लागु भएपछि बजेटको दुरपयोग हुनेगरी नयाँ-नयाँ मन्दिर, गुम्बा, मज्जिद, चर्च बानउने काम गरेको देखिन्छ । यस्ता कामहरुले मन्दिर बनाउदा, गुम्बा बनाउदा त्यस क्षेत्रको धार्मिक एतिहासिक महत्व कति छ । प्राकृतिक, सांस्कृतिक अवस्था कस्तो छ । यसको दिर्धकालीन व्यवस्थापन गर्न सकिन्छ कि सकिदैन अध्ययन गरेर दिर्धकालीन मापदण्ड अपनाएर मात्र यस्तो काम यस्ता नयाँ मन्दिर, गुम्बा, मज्जिद,चर्च बनाउन स्वीकृत दिनुपर्ने हो ।

तर त्यसो नगरीकन नयाँ मन्दिर गुम्बा, चर्च, मज्जिद बनाउने गरेको देखिन्छ । ति मन्दिरहरु, गुम्बाहरु देखासेखीको लागि बनाएको सहजै बुझिन्छ । किनकि स्थानीय शासन लागु भएपछि आफु आस्थावान रहेको पार्टीले जितेको स्थानिय निकायहरुलाई आफ्नो ठाउँमा बजेट हाल्न लगाउने र मन्दिर, गुम्बा, मज्जिद, चर्च बनाएको देखाएर धार्मिक आस्थामा राजनीति गर्ने उद्देश्यले यस्तो बिचलन बढ्दै गएको देखिन्छ ।

पुराना महत्वका क्षेत्रहरु, जस्तै एतिहासिक, परम्परागत, मन्दिर, गुम्बाहरु भने संरक्षणको अभावमा कोही अग्नावशेष भएर बसेका छन् । कोही अस्तित्व समेत समाप्त हुन लागिसकेका छन् । यस्ता एतिहासिक, पुरातत्विक



पराम्परागतका क्षेत्रहरुको सरक्षण हुन सकेको छैन् । यस्ता एतिहासिक, पुरातत्विक मन्दिरहरुको संरक्षण गर्न छोडेर नयाँ मन्दिर, गुम्बा, मज्जिद, चर्च बनाउन लाग्नेहरुले नयाँ बनाएकै पनि पुर्ण गरेर व्यवस्थापन राम्रो बनाएको भए त ठिकै पनि मान्न सकिन्थ्यो । त्यस्तो देखिदैन । कुनै कुनै मन्दिर त आधा बनाएर अर्को बर्ष पालिकाले बजेट हाल्छ र फेरी अलि

» बाकी ६ पृष्ठमा

## अध्यक्ष रङगमती शाहीबाट वडा बासिमा सन्तोषजनक विकास



काठमाडौं- हुम्ला जिल्लाकै पहिलो महिला निर्विरोध निर्वाचित वडा अध्यक्ष रङ्गमती शाहीबाट खार्पुनाथ गाउँपालिका वडा न. ४ मा संतोषजनक काम भएको छ ।

वडा नं .१देखि ५ सम्म रहेको यस खार्पुनाथ गाउँपालीकामा नमुना वडा यहीँ वडा न.४ रहेको , आउँदा दिनमा अझ सुन्दर बनाउने योजना लिएको वडा अध्यक्ष रङ्गमती शाहीले बताएकी छन् ।

वडा नं.४ मा माजा, छिप्रा, नल्ल र लेख गरि चारवटा गाउँ समेटिएको छ । हुम्ला जिल्लाकै नमुना मा. वि स्कुल यसै वडामा रहेको र त्यहाँ विभिन्न तरिकाले छात्रवृत्ति वितरण गर्दै ,गरिब बालबालिकाहरुलाई धेरै प्राथमिकतामा राखेको जानकारी गराएकी छन् ।

सबै गाउँमा शिक्षा,स्वास्थ्य सुधार हुँदै गएको र विभिन्न योजना मुलक

» बाकी ६ पृष्ठमा

## च्याउखेतीबाट वार्षिक १० लाख आम्दानी गर्दै : सावित्री खत्री

पर्वत- जलजला गाउँपालिका-८ फर्सेकी सावित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल भएकी छिन् । विगत १० वर्षदेखि व्यावसायिक कृषिमा सक्रिय खत्रीले च्याउखेतीबाट बर्सेनि रु १० लाखभन्दा बढी आम्दानी गर्दै आएकी छिन् ।

तीनवटा गुम्वज टनेलमा उत्पादित कन्ये र गोब्रे च्याउ बागलुङ, म्याग्दी र कुश्माबजारमा खपत हुने गरेको उनी बताउछिन् । "च्याउखेतीबाट भएको आम्दानीले उत्साहित छु, बजारको समस्या छैन", उनले भनिन् । गोब्रे च्याउ प्रतिकेजी रु पाँच सय र कन्ये रु दुई सयमा बिक्री हुँदै आएको छ ।

कच्चा पदार्थसहितका साम्रगी तयार गरेकी किसान खत्रीले सात रोपनी जमिनमा मौसमअनुसार काँक्रो, घिरौला, बोडी, सिमी, करेला, भेण्टा, खुर्सानी, धनिया पनि उत्पादन गर्दै आउकी छिन् । "हाइटेक टनेलमा बाह्रै महिना च्याउखेती गर्ने लक्ष्य छ, च्याउखेतीका लागि गाउँका किसानलाई सहायोग गर्ने गरेकी छु", खत्रीले



भनिन् । श्रीमान्को सहयोगमा उत्पादित सागसब्जी बजार पुऱ्याउने गरेको उनले सुनाइन् ।

जलजलामा व्यावसायिक रूपमा लाग्ने किसानको आर्कषण बढेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यले बताए । "गाउँपालिकाले पनि प्रोत्साहन गरिरहेको छ, च्याउखेतीमा अनुदान बढाउँछौँ", उनले भने ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४, २०८१ साल साउन ३१ गते बिहीबार (Aug 15, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### हाम्रो १७ बर्षे अविरल यात्रा

नेपाली पत्रकारिताको जगतमा सत्य, तथ्यमा आधारित भई सामाजिक उत्तरदाईत्व निर्वाह गर्ने उद्देश्यले आजकै दिन अर्थात २०६५ साल साउन ३१ गते हामीले जन आकाश साप्ताहिकको स्थापना गरेर पत्रकारिताको कखरा शुरु गरेका थियौं ।

त्यो स्थापनाकालमा नै हाम्रो प्रकाशनलाई जतिले पढ्नुहुन्थ्यो त्यतिले उत्तिक्कै रुची र विश्वास गरेर राष्ट्र र आम नागरिकप्रति जनआकाश पत्रीकाले उठाएका विषय वस्तुका सामग्रीलाइ अन्य पाठकसम्म पुऱ्याउने भुमिका शुरुका पाठकहरुले नै गर्नुहन्थ्यो उहाहरुनै हाम्रा गुरु हुनुहुन्छ ।

हामीले नजानेका विषयलाई समेत पाठकहरुले नै सिकाउदै लैजानु भएको हामीले भुलेका छैनौ र उहाहरुले रु १० तिरेर पत्रीका किनिदिनुभएको रकमले नै पत्रीकाको खर्च जुटाउदै आएका थियौ । बदलिदो परिस्थितिसँगै पछिल्लो समय बढेको कागजको मूल्य, छापा खानाको प्रीन्टको मूल्यबृद्धिले सिगो समाजलाई प्रभावित पार्ने क्रममा हाम्रो जनआकाश साप्ताहिक मात्र अछुतो रहने कुरै भएन । त्यसको असरले हामीले व्यवसायिक विज्ञापनमा ध्यान दिनुपर्ने अवस्था आयो । हामीले विज्ञापन दाताहरुसँग आग्रह गर्दै गयौं । यसरी विज्ञापनवाट पत्रीकाको खर्च कार्यालय व्यवस्थापन गर्दै आएका छौ । यि समस्याहरु हुदाहुदै पनि जनआकाश साप्ताहिकको १० वर्ष पुगेको उपलक्ष्यमा समाज र राष्ट्रको लागि योगदान पुऱ्याएका व्याक्तित्वहरुलाई सम्मान गर्ने र समाजलाई प्रोत्साहन गर्ने उद्देश्यले सामाजिक काम समेत गर्दै आएका छौं । त्यो निरन्तर जारी छ । जनआकाश साप्ताहिकको **janaakash .com** अनलाईन सस्करण पनि सञ्चालनमा छ ।

यसै बीचमा पत्रीकाका प्रधान सम्पादक मोहन कार्कीले लेख्नुभएको आउन साथी आउ सबै मिली विजयको मिठो गीत गाउ स्वदेश गान, माइली नामक उपन्यास, यसै जन आकाश साप्ताहिकका संवाददाता विनोद कार्कीद्धारा लिखित कति राम्रो रामेछापको शिन बोलको लोक गीत निर्माण गरी विमोचन गरिसकिएको छ । त्यसैगरी नारीहरुको लागि सम्मान स्वरुप नेपालको नै पहिलो सुसेली तीज गीतको प्रतियोगिता गराइ जम्मा भएका ४० प्रतियोगी मध्य चन्द्रवती अधिकारीद्धारा रचना गरिएको माइती घरमा गएर ढल्की ढल्की नाचौला दिदीबहिनीहरुसँग माया साटौला प्रथम भएको सुसेली तिज गीतको निर्माण र विमोचन गरेर जनआकाशले आफ्नो सामाजिक दाईत्व समेत निर्वाह गर्दै आएको छ । जन आकाश मिडियाले निर्माण गरेका गीतहरु युटुव च्यानल **jana Aakash Tv** मा पनि हेर्न सकिन्छ ।

यि कामहरु सफल बनाउन जन आकाश प्रकाशन टिमले भुमिका निभाएको भएपनि प्रकाशनलाई माया गरेर पढीदिने पाठक, विज्ञापन दाता, प्रकाशनमा आवद्ध इमानदार प्रकाशनका टिमको मेहनत विना सम्भव हुदैन थियो । सबैको सबै सहयोगले छोटो समयमा यति धेरै काम जनआकाश मिडियाले गर्न सकेको यो १७ औ वर्ष पुगेको उपलक्ष्यमा अवगत गराउन चहान्छौ ।

यो तपाईहरुको विश्वास र माया आउदा दिनमा अझै प्रगाढ हुने विश्वास गरेका छौ । तपाईहरुले गरेको विश्वास र मायालाई समाज रुपान्तरणमा भुमिका खेल्ने प्रतिबद्धता राख्दछौ ।

# डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल प्रकरणः जति बढ्दै छ विवाद, त्यति चुलिादै छ महसुल



बद्री तिवारी

> यहाँ महसुल भुक्तानीको विषयभन्दा पनि पूर्वाग्रह र प्रतिशोध साँध्ने हिसाबले सरकार एवं महसुल भुक्तानी गर्न बाँकी उद्योगीहरू जीत–हारको मनोविज्ञानबाट अघि बढ्नुले प्राधिकरण र उनीहरूबीचको सम्बन्ध सुधार्न तथा बक्यौता उठाउन सानो मेहनतले पुग्दैन । हजार, लाख र करोड मात्र होइन अर्बौं रूपियाँको खेल भएकोले दुवै पक्ष सहमतिमा आएर निश्चित अवधिभित्र महसुल भुक्तानी नै उत्तम विकल्प हुनेछ ।

नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङको समयमा २०७२ माघदेखि २०७५ वैशाखसम्म देशका विभिन्न भागमा सञ्चालित उद्योग तथा कलकारखानालाई अतिरिक्त महसुल भुक्तानी गराउने गरी डेडिकेटेड फिडर (प्राधिकरणको सबस्टेसनबाट उद्योग/कलकारखानासम्म लोडसेडिङ नहुने छुट्टै तार टाँगेर) र ट्रंक लाइन (चौबीसै घण्टा विद्युत् प्रवाह हुने मुख्य लाइनबाट तार जोडी उद्योगस्थलभित्रै ट्रान्सफर्मर राखेर) उपलब्ध गराएको विद्युत् उपभोग गर्ने उद्योगहरुबाट महसुल उठाउन चालेको कदमले यतिखेर उग्र रुप धारण गरेको छ ।

उद्योगीहरु आफूले विद्युत् उपभोग नै नगरेकोले महसुल नतिर्ने भन्न पनि पछि परेका छैनन् भने प्राधिकरण व्यवस्थापनले जसरी पनि बक्यौता उठाइछाड्ने प्रतिबद्धताका साथ कारबाही अघि बढाएको छ । केही उद्योगीले छानबिनको माग राख्दै आएका तर भुक्तानी गर्न भने आनाकानी गर्दै आएका कारण प्राधिकरणले अर्बौं बक्यौता रकम असुल गर्न नसकेको समाचार बारम्बार प्रकाशमा आएको छ । यही विषयले विवादको रुप लिएपछि समाधानका लागि विभिन्न मितिमा गठित आयोग तथा समितिहरुले छानबिनपछि पेस गरेका प्रतिवेदन पनि अर्थहीन हुन पुगेका छन् ।

समस्या समाधान हुनुको साटो अवस्था थप जटिल बन्दै गएपछि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले गतवर्ष सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा विद्युत् महसुल विवाद समाधान आयोग-२०८० गठन गऱ्यो । सो आयोगले विस्तृत अध्ययन तथा छानबिन गरी २०८१ वैशाख २३ गते सरकारलाई प्रतिवेदन बुझायो । तर लाल आयोगले गरेका सिफारिस/सुझाव तत्काल कार्यान्वयन हुन सकेनन् । तत्कालीन प्रचण्ड नेतृत्वको अघिल्लो सरकारले लाल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय पनि नगरेको होइन, तर प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङमाथि नै प्रतिवेदनले गरेको सिफारिस परिवर्तन गर्न लगाएको भन्ने आरोप लागेपछि त्यो थप विवादग्रस्त बन्न पुग्यो । लाल आयोगको प्रतिवेदनमा २०७२ माघदेखि २०७५ वैशाखसम्मको बक्यौता विद्युत् महसुल उठाउनुपर्ने उल्लेख छ ।

यसअघि प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका उद्योगहरुबाट २०८० मंसिर मसान्तसम्म कुल बक्यौता रकम २२ अर्ब २४ करोड रुपियाँ रहेको भन्दै २०८० पुस ६ गते करिब एक दर्जन उद्योगको लाइन काटेको थियो । त्यसको विरोधमा केही उद्योगीहरु अदालत गएका र राजनीतिक दलहरुबाटै दबाब पनि दिँदै गएपछि बक्यौता महसुल रकम ६० किस्तामा बुझाउन सकिने तथा पहिलो किस्ता बुझाएपछि लाइन पुनः जोड्न सकिने सुविधा दिइयो । यस्तो सुविधा सामान्य उपभोक्ताले कहाँ पाउनु? उनीहरु जरिबाना तिरेर मात्र सुख पाउँदैनन्, मिटर रिडिङ भएको ६० दिनसम्म महसुल नतिरेमा लाइन नै काट्ने नियम लाग्दछ । तर उद्योगीहरुले भने उल्टै राजनीतिक दबाब सिर्जना गर्न नछोडेपछि समस्या थप जटिल बन्दै गएको हो । त्यसपछि सरकार लाल आयोग गठन गर्न बाध्य भएको हो ।

२०८१ असार २५ देखि २७ गतेसम्म पुनः ६ वटा उद्योगको लाइन काटिएपछि भने प्रधानमन्त्री केपी ओली नेतृत्वको वर्तमान सरकार र प्राधिकरण नेतृत्वबीच थप दूरी बढेको प्रस्ट देख्न सकिन्छ । जबकि विद्युत्जस्तो अत्यावश्यक सेवा प्रदायक संस्थाका रुपमा रहेको प्राधिकरण सरकारको एक अंग हो, कुनै पनि हिसाबले प्रतिद्वन्द्वी होइन तर यहाँ अहिले प्रदर्शित व्यवहार ठीक प्रतिद्वन्द्वीजस्तै देखिन्छ ।

प्रधानमन्त्री ओलीले सत्ता सम्हाल्नेबित्तिकै प्राधिकरणलाई काटिएका लाइनहरु जोड्न निर्देशन दिनुभएको थियो तर लाइन तत्काल जोडिएन, घिसिङले प्राधिकरणको बोर्ड बैठकबाट निर्णय गर्नुपर्ने अडान लिएपछि तत्काल उद्योगहरुमा विद्युत् लाइन जोडिएन । घिसिङले लिखित आदेश माग गरेपछि विद्युत् नियमन आयोगले लिखितरुपमा निर्देशन दिएपश्चात् विद्युत् कटौती गरिएका ६ वटा उद्योगमा लाइन जोडिएको थियो । आफ्नो आदेशको अवज्ञा भएको ठान्दै प्रधानमन्त्रीले उक्त घटनालाई गम्भीरतापूर्वक लिएर प्रतिष्ठाको विषय बनाएको हुन सक्ने टीकाटिप्पणी भइरहेको छ ।

विद्यमान परिस्थितिलाई गहिरिएर विश्लेषण गर्ने हो भने यहाँ एउटा सेवा प्रदायक निकायलाई सीधा प्रधानमन्त्रीबाटै हस्तक्षेपकारी नीति लिएको देखिनु कतै यो प्रतिष्ठा र पूर्वाग्रह नै पो हो कि भन्ने पनि त्यत्तिकै ठाउँ छ । तर त्यसो गर्नुमा प्रधानमन्त्रीकै लागि सुहाउँदो कुरा होइन । किनकि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, त्यसअन्तर्गतका विभाग तथा कार्यालयहरु, सम्बद्ध आयोग र समितिहरुले हेर्नुपर्ने विषय सीधै प्रधानमन्त्रीकोमा पुऱ्याउनु भनेको सीधै हुकुम प्रमांगी शैलीको आह्वान गरिएको सम्म त होइन भनेर प्रश्न उठाइँदै छ । उच्चतम तहमै पहुँच पाएपछि उद्योगीहरुले पनि अरुलाई किन टेर्ने भन्ने सोचले काम गरेको पाइन्छ । प्रधानमन्त्रीजस्तो सत्ताको बागडोर सम्हाल्ने कार्यकारी प्रमुखलाई नै हात लिन सके नियम, कानुन उल्लंघन गरे पनि छुट पाइने र महसुल पनि सकेसम्म घटाएर भुक्तानी गरे पुग्ने सोच पालेका सीमित समूहको स्वार्थका लागि उच्च पदस्थहरुलाई नै उपयोग गरिनुलाई विडम्बनासिबाय के भन्ने !

सहजै हारगुहार माग्न पाउने भएपछि प्राधिकरणले चाहेर पनि नियमन र कारबाही गर्न सक्ने अवस्था टाढिएको हो । सर्वसामान्य नागरिकको दृष्टिमा महसुलको भुक्तानी नगर्ने ग्राहक र समयमा महसुल उठाउन नसक्ने विद्युत् प्राधिकरण दुवै दोषी हुन् । जुन संस्थामा पद्धति/प्रणालीले काम गर्दैन, त्यहाँ सुशासन सम्भव हुँदैन अनि निजी तथा समूहगत स्वार्थका लागि मात्र काम गर्ने प्रवृत्तिको विकास हुन्छ । फलस्वरुप संस्थाको उन्नतिको कुरो त परै जाओस्, न्यूनतम मूल्य, मान्यता, संस्थागत संस्कार तथा नीति-नियमको पालनासमेत हुँदैन । उद्योगी व्यापारीहरुले पनि राजनीति र सत्ता अस्थिरताको अवसर छोपी राजनीतिक लबिङ गरिरहेका छन् । यहाँ महसुल भुक्तानीको विषयभन्दा पनि पूर्वाग्रह र प्रतिशोध साँध्ने हिसाबले सरकार एवं महसुल भुक्तानी गर्न बाँकी उद्योगीहरु जीत-हारको मनोविज्ञानबाट अघि बढ्नुले प्राधिकरण र उनीहरुबीचको सम्बन्ध सुधार्न तथा बक्यौता उठाउन सानो मेहनतले पुग्दैन । हजार, लाख र करोड मात्र होइन अर्बौं रुपियाँको खेल भएकोले दुवै पक्ष सहमतिमा आएर निश्चित अवधिभित्र महसुल भुक्तानी नै उत्तम विकल्प हुनेछ ।

बक्यौता महसुल रकममा जरिबाना थपिँदै गएपछि उद्योगीहरुलाई झन् गाह्रो पर्नेछ । निश्चय नै प्राधिकरणले पनि नाजायजरुपमा उद्योगीहरुबाट उपभोग नै नगरेको विद्युत्को महसुल उठाउन कदापि हुँदैन र उद्योगी व्यापारीहरुले पनि आफूले उपभोग गरेको विद्युत्को महसुल भुक्तानी गर्नुको साटो नेताहरुकोमा धाउने, सरकार प्रमुखलाई प्रभावित पार्ने अभ्यास तत्काल रोकेर प्राधिकरणको नियमानुसार प्रक्रियागतरुपमा गुनासो समाधान, पुनरवलोकनजस्ता विषयमा टुंगो लगाउन तोकिएका विभाग तथा निकायमै गएर संस्थागत संस्कार प्रदर्शन गर्न सक्नुपर्दछ । साथै आफूले उपभोग गरेको विद्युत्को भुक्तानी समयमै गरेर एक जिम्मेवार नागरिकको दायित्व निर्वाह गर्नु नै बुद्धिमता ठहर्छ ।

लामो समयसम्म अन्धकारमा बसेका उपभोक्तालाई लोडसेडिङ अन्त्य गर्दै विद्युत् आपूर्ति गर्न सफल भएका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफ्नो दोस्रो कार्यकालको तीन वर्ष पुगेकै दिन गत शुक्रबार पत्रकार सम्मेलन गरी संस्थाका गतिविधि तथा यसको विकासका लागि आफूले चालेको कदमबारे जानकारी गराए । सरकारले हटाए पनि आफ्ना कुरा सञ्चारमाध्यमद्वारा आम उपभोक्तासमक्ष पुऱ्याउने उद्देश्यका साथ पत्रकार सम्मेलन गरेका थिए । प्राधिकरणको नियमानुसार कारबाही प्रक्रिया अघि बढाउँदा नवनियुक्त प्रधानमन्त्री ओलीबाटै खप्की खाएपछि आफूलाई पदच्यूत गराइने आभास उनले पाएकै हुन् । तर यस बेला घिसिङलाई हटाउनुचाहिँ बुद्धिमता नठहर्ने आवाज उठिरहेको छ ।

प्राधिकरणले पछिल्लोपटक महसुल भुक्तानी नगरेको भन्दै गत असार १० गतेको समयसीमा कटेपछि ६ वटा उद्योग रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट, जगदम्बा सिन्थेटिक्स, जगदम्बा स्टिल्स र हुलास स्टिलमा विद्युत् कटौती गरेको थियो । २०८१ असार १० गते प्राधिकरणले १५ दिनको म्याद राखी ६१ उद्योगलाई २०७२ माघदेखि २०७५ वैशाखसम्मको जम्मा ६ अर्ब ६० करोड ५८ लाख रुपियाँ महसुल तिराउन पत्र काटेको थियो । तर उद्योगीहरुले आधार र प्रमाणविना नै बिल काटिएको तथा सो कारबाही प्राधिकरणको नियम कानुन विपरीत भएको निष्कर्षका साथ प्रमाणविना महसुल नतिर्ने अडान लिएका छन् ।

सो मुद्दा अहिले संसद्को सार्वजनिक लेखा समितिमा पुगेको छ । लेखा समितिले छानबिनका लागि प्राधिकरणलाई महसुल तिनुपर्ने आधार र प्रमाण पेस गर्न निर्देशन दिएपछि टीओडी (टाइम अफ डे) मिटरको प्रोफाइलसहितको तथ्यांक, वर्षौंदेखिका बिलिङ लेजर, उद्योगीलाई छुट दिएको बिलको विवरण, खारेज भएका ९० वटा मुद्दाको फैसलालगायतका कागजात समितिमा बुझाएको जानकारी पत्रकार सम्मेलनमार्फत घिसिङले गराएर उद्योगीहरुलाई पनि एकमुष्ट जवाफ दिएका छन् । अब सालेसको छाबिनको निर्णय आउन बाँकी छ ।

यता पत्रकार सम्मेलनको भोलिपल्टै गत शनिबार घिसिङका पक्षमा युवाहरुले राजधानीमा नाराबाजीका साथ जुलुस प्रदर्शन गरेर घिसिङमाथि कारबाही गर्ने सरकारको तयारीलाई झट्का लगाइदिएका छन् । वर्तमान सरकारले घिसिङलाई हटाउन लागेको हल्लाले व्यापकता पाएपछि युवा जगत् स्वस्फूर्तरुपमा प्राधिकरण बचाउनुपर्ने नाराका साथ जुलुसमा निस्किएका हुन् । 'विद्युत् प्राधिकरण डुबाउन पाइँदैन, जनतालाई महँगी मार बिजुली चोरलाई कर छुट उपहार, अँध्यारो र उज्यालोको फरक छर्लंग छ, ६४ अर्ब घाटामा रहेको प्राधिकरण कुलमान आएपछि ४७ अर्ब नाफामा' लगायतका नारा अंकित प्लेकार्ड बोकेका प्रदर्शनकारीहरुले माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गरेका थिए ।

प्राधिकरणले लोडसेडिङका बेला उद्योगहरु नथलियून् भन्ने हेतुले प्रचलित दरभन्दा ६५ प्रतिशत बढी मूल्य चुक्ता गर्ने गरी २०७२ साउन महिनादेखि उद्योगहरुमा डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत विद्युत् वितरण गरेको थियो । तर प्राधिकरणलाई त्यसरी मूल्य तोक्ने अधिकार कानुनले नदिएको दाबी सरोकारवालाहरुले गर्दै आएका छन् । सोही कारण प्राधिकरणले २०७२ असारमा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल दर विद्युत् महसुल निर्धारण आयोगले २०७२ पुस २९ गते अनुमोदन गरेको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# गीत रेकर्ड गर्ने सपना बुन्दै रेजिना खड्का



*काठमाडौं– गीत सङ्गीतमा भविष्य बनाउने धेरैको रहर हुन्छ । कोहीसँग कला, गला हुन्छ तर पैसा हुदैन्, कोहीसँग पैसा हुन्छ तर कला, गला हुदैन् । हरेक मानिसको जीवनमा एउटा न एउटा सपना अधुरो नै हुन्छ । यो पैसा र कला गला पनि छुटयाउनै नसक्ने शब्द हो "मन बिनाको धन ठुलो कि, धन बिनाको मन भने जस्तै" दुबै मानिसको जीवनमा आवश्यकता पर्ने । पैसा हुनेहरूले त आृना सपनाहरू पैसाले किन्न सक्छन् तर पैसा नहुनेहरू मनमा सपना गुम्स्याएर दिनदिनै छट्पटाइ रहेका हुन्छन् । त्यस्तै मिठो आवाज, मनभरि गीत सङ्गीतका अधुरा सपना बोकेकी रामेछापकी चेली रेजिना खड्काको कहानी पनि त्यस्तै नै छ । गलामा कला छ, मनमा रहर छ तर गीत सङ्गीतमा अगाडी बढ्न आर्थिक अवस्था कम्जोर छ । यस्ता समयस्याहरु धेरै प्रतिभामा हुन्छन् तर रेजिना खड्काको रमाइलो अनि छुट्टै कहानी छ ।*

*गायिकामा अधभुत क्षमता, गीत सङ्गीतमा केही गर्ने लक्ष्य राखेकी रेजिना खड्का अहिले काठमाडौंमा आृनो गुजारा चलाउँन सानो तिनो जागिरसँगै सङ्गीत सिकीरहेकी छिन् । सानैदेखि गीत सङ्गीतमा रुचि भएकी रेजिनाको मिठास स्वर सुनेर जोकोही पनि लठ्ठ हुने गर्छन् । हसिलो मुहार, लजालु स्वभाव, स्वरमा जादु, शब्दमा मिठासले गर्दा सबै जना हिउँ पग्ले झैँ पग्लिने गर्दछन् । अनि उनको गायकीको खुलेर प्रशंसा गर्ने गर्दछन् । तिमी गीत सङ्गीतमा अगाडि बढ् तिम्रो आवाज राम्रो छ ।*

*तर गीत सङ्गीतमा अगाडि बढ्न त्यति सजिलो छैन, अनेकौं चुनौतीको सामना गर्नु पर्ने हुन्छ । जो कोहीले ती सामना पार गरेर उचाइमा पुग्न सक्दैनन् तर मनमा रहर अनि भाग्यलाई भन्दा कर्मलाई विश्वास गर्ने मान्छे अवश्य गीत सङ्गीतको उचाइमा पुग्न सक्छन् ।*

*सङ्गीत शब्द यस्तो शब्द हो यो शब्दले सबैलाई तानेर मन्त्रमुग्ध बनायर आफू तिर ल्याउने गर्छ । सायद सङ्गीत नसुन्ने र सङ्गीत मन नपराउने यो संसारमा कोहिपनि छैनन् होला । जब मानिसको जीवनमा विभिन्न उतारचडाब आउँछ, मनमा चोट पर्छ, खुसी आउँछ सबै बेला मानिसले गीत सुनेर आनन्द र आृनो मनलाई बुझाउने गर्छ । त्यसैले मानिसहरू सङ्गीत प्रति आकर्षित हुने गर्दछन् । उनै नव गायिकासँग जन आकाशका बिनोद कार्कीले गरेको कुराकानीलाई यहाँ प्रस्तुत गरेका छौं ।*

**गीत सङ्गीतमा लाग्न घरपरिवारबाट कतिको साथ पाउनु भएको छ ?**

गीत सङ्गीतमा लाग्न घर परिवारबाट राम्रो नै साथ सपोट पाएको छु । "तिम्रो खुसी नै हाम्रो खुसी हो सही बाटोमा लाग, नराम्रो काम नगर नाम कमाउने काम गर भन्नु हुन्छ ।" विशेष चाही मेरो दादाले एकदमै साथ सार्पोट गर्नुहुन्छ । सवैबाट साथ सर्पोट पाएकै छु भोलिको दिनमा कहाँ पुगिन्छ त्यो त थाहा छैन ।

**कस्ता खालका गीत सुन्ने र गुनगुनाउने गर्नुहुन्छ ?**

म गीत सुन्न त सबै प्रकारका सुन्ने गर्छु तर गाउन चाही म आधुनिक गीत बढी गाउँछु । मेरो आवाज आधुनिक गीतमा सुहाउछ जस्तो लाग्छ । त्यसैले प्राय आधुनिक गीत गुनगुनाउने गर्छु ।

**गीत सङ्गीतलाई रोज्नुको कारण के हो ?**

म सानैदेखी गीत सुन्ने र गुनगुनाउने गर्थे गाउँमा हुँदा उकाली, ओराली, घाँस दाउरा, मेलापात गर्दा रेडियोमा धेरै गीत सुन्ने गर्थे अनि मलाइपनि रहर लाग्थ्यो । मैले गायका गीत रेडियो, टेलिभिजनमा बजोस् गायिका भएर रेजिना खड्का नामले सबैलाई चिनाउन पाइयोस् भन्ने लाग्थ्यो । त्यसरी नै मैले चाही गीत सङ्गीतमा रुचि राखे ।

**रामेछाप तिर साङ्गीतिक माहोल कस्तो छ, कस्ता खालका गीत गुन्जिने गर्दछन् ?**

गाउँघरमा सहरको जस्तो सेवा सुविधा अझै पनि छैन, रामेछाप जिल्ला हेर्ने हो भने अझै पनि दुर्गम ठाउँ नै हो । शिक्षा स्वास्थ्य जन चेतनाको विकास अझै पनि हुन सकेको छैन् । अझै पनि सञ्चार माध्यमको पहुँच पुगेको छैन, अझै पनि रेडियो सुन्ने, रेडियोबाट बजेको गीतहरू सुन्ने चलन छ हाम्रो गाउँघरतिर अनि समग्र रामेछाप जिल्ला भरी नै लोक गीत गुन्जने गर्दछ ।

**गीत सङ्गीतको अलवा के गर्नुहुन्छ ?**

गीत सङ्गीतको अलवा सानो तिनो काम गर्दै छु बिहान बेलुका म्युजिक क्लास जान्छु । दिउँसोको समयमा काममा जान्छु । अहिले पढाइलाई निरन्तर दिन सकेको छैन माध्यमिक तहको शिक्षा (१२ कक्षा) सकेर वसिरहेको छु, अब केही समयपछि पढाइलाई पनि निरन्तरता दिन्छु । भन्दै रामेछाप गोकुलगंगाबाट आएकी रेजिना खड्का जन आकाश मिडियाका संवादाता विनोद कार्कीसँग गरेको कुराकानी हो यो ।

# संगीतको लतमा सरकारी जागिर छाडेका परियार को कथा

वि.स. २०४५ साल बैशाख २६ गते बुवा पहलमान परियार र आमा बुद्धीमाया परियारको कोख बाट साबिकको गोरखा जिल्ला ताक्लुङ गा.बि.स वार्ड नं.१मा जन्मनु भएका रमेश परियारको सानै देखि गीत संगीत क्षेत्रमा रुचि थियो । सामान्य परिवारमा जन्मेका परियार को बाल्यखाल संघर्षपुर्ण थियो । घरको ५ सन्तान मध्यका कान्छो सन्तान को रुपमा जन्मेका रमेशले SLC सम्मको अध्ययन गाउँ कै स्थानिय स्कुल बाट पुरा गरे । निम्न आर्थिक अवस्थाको कारण पढाई लाई निरन्तरता दिन नसकेका उनलाई उमेर क्रम संगै लाहुरे हुने रहर जागेर आयो । तत्कालिन सशस्त्र युद्धको समयमा नेपाली सेनामा भर्ति भएका परियारले लामो समय सेनामा काम गरेनन् गीत संगीतको भोकले सताउनुसम्म सताएको परियारलाई संगीत क्षेत्र बाहिरको कुनै पनि काम कार्यले अडाउन सकेन र अन्तत; सेनाको जागिर छोडि संगीत क्षेत्रमा काम गर्ने उद्देश्य बोकि काठमाडौंको यात्रामा निस्किए ।

काठमाडौं आईसकेपछि विभिन्न दोहोरि साझमा काम गरेका परियार ले ठुलै पारिवारिक/आर्थिक समस्या झेल्नु पर्यो । दोहोरि साँझमा काम गर्दा गर्दै रमेशले आफ्नो जिवनको पहिलो गीत रोधी घरैमा बजारमा ल्याएर व्यावसायिक रुपमा खासै सफल नभए पनि रमेशले सो समयमा करिब ३५/४० वटा गीत बजारमा लेराएका थिय । जतिनै गीत बजारमा लेराए पनि खासै सफलता हात लागेन । सोचे झै जिन्दगी रैन छ... भने झै भयो रमेशलाई र हानिए बैदेशिक रोजगारको लागि मलेसिया । मलेसिया रहदा बस्दा पनि गीत/संगीतको भोकले नछोडेको रमेशले मलेसियामा सुरक्षा गार्डको रुपमा काम गर्दा गर्दै पनि करिव ५०/५५ वटा गीतमा शब्द/संगीत भरि बजारमा गीत लेराएका रमेशले मलेसिया रहँदा सफलताको स्वाद चाखि सकेका थिय । करिव २ बर्ष मलेसियामा रोजगारिको सिलशिलामा बिताय । २ बर्षको मलेसिया बसाई पछि फेरि सुरु भो गीत संगीत कै काम..... नेपाल फर्के पछि रमेश पुन संगीत क्षेत्रमा होमिए ।

मलेशिया बाट फर्केसी गीत संगीतमा समय दिँदा पनि फेरि आर्थिक समस्या झेल्न परेसि रमेशले ट्रक चलाउने काम सम्म गरे । ट्रक चलाउने काम गर्दा पनि उनको गीतसंगको साईनो भने कहिले टाढा भएन । रमेशले ट्रक चलाउँदा कै बखत करिब २ दर्जन भन्दा बढि गीतहरुको सिर्जना गरे । प्राय ति सबै सिर्जना हरु बजारमा आएका छन् । रमेश भन्छन् "सामान लिएर काठमाडौंको यात्रामा निस्कदा मन प्रफुल्ल हुने गर्दथ्यो किन कि ट्रकको काम सकिसकेर पार्किङ् गर्ने बितिक्कै म स्टुडियो जान्थे अनि सिर्जना भएका मेरा सिर्जना हरु रेकर्डिङ गर्दथे" यसरि गीत संगीत संगको उनको



नाता कहिल्यै टाढा हुन दिएनन् ।

जिबनको यात्रामा धेरै उतार चढाब भोगेका रमेशले आफ्नो सांगीतिक यात्रामा करिब ३०० भन्दा धेरै गीत लेखेका छन् भने उत्तिकै सङ्ख्यामा लय निर्माण गरेका छन् रमेशले सिर्जना गरेका गीतहरुमा सालको पात उडायो बतासैले, बनमा खएर, बनको जडिबुटी, घुमाउने घरको छानो, गाईलाई चरन, सलल रापति, म यसरि हारिदिन्छु कि, रंगिन रात, पानि तुर्कि, रुवाउनु रुवायो, वर पिपल सम्झेउ र, रेलि मै, किन लजाकि, मुटु कसेर, भिरको खनियो आदि रमेशले गरेका सिर्जना हुन् । मज्जाले नाच्न मिल्ने खालका देखि अति नै पिडादायी गीत रमेशले सिर्जना गरेका छन् ।

प्राय हरेक किसिमका गीतमा कलम चलाएका रमेशले बिभिन्न सम्मान तथा पुरस्कारहरु प्राप्त गरेका छन् । राष्ट्रिय लोक तथा दोहोरि गीत प्रतिष्ठानले बितरण गर्ने अवार्डमा सर्बोत्कृष्ट शब्द बाट अवार्ड हात पारेका रमेशले विन्दवाशिनी अवार्ड, म्युजिक खबर अवार्ड, छाँयाछवि अवार्ड जस्ता थुप्रै अवार्ड हात पारेका रमेश यसै वर्ष सम्पन्न AMIN म्युजिक अवार्ड बाट श्रष्टा सम्मान बाट सम्मानित भएका छन् ।

एक सन्नानका पिता रमेशको एक छोरी छिन् छोरी कै कारण आफ्नो भाग्यको उदय भएको हो भन्ने रमेशलाई विश्वाश छ । आज सम्म गरेका काम कर्म बाट पाठ सिकी आगामी दिनमा समेत गीत संगीतलाई सदासवर्दा शिरमा सजाएर हिड्ने रमेशको अठोट रहेको छ । उनि भन्छन् 'गीत नै मेरो जिवन हो र गीत नै मेरो मरण हो ।

*जनआकाश मिडियासँगको कुराकानीमा आधारित*

# रामेछाप डायरी

## फोनिज रामेछापद्धारा पत्रकार पथिक र श्रेष्ठ सम्मानित



आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) जिल्ला शाखा रामेछापले आफ्नो २५ औं स्थापना दिवसको अवसरमा जिल्लाका दुई जना सक्रिय पत्रकारलाई पुरस्कृत तथा सम्मान गरेको छ ।

आईतबार रामेछाप नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रममा खोज पत्रकारीता बर्ष पुरस्कारबाट पत्रकार नवराज पथिक र उत्कृष्ठ आदिवासी जनजाति पत्रकारीता बर्ष पुरस्कारबाट तुलसीदेवी श्रेष्ठलाई सम्मान गरिएको हो । श्रेष्ठलाई नगद रु १० हजार सहित र पथिकलाई नगद रु ५ हजार सहित सम्मान पत्र र दोसल्लाले सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथी उर्जा जलश्रोत तथा सिँचाई राज्य मन्त्री पूर्ण बहादुर तामाङ्ग(कान्छाराम)ले सम्मान पत्र प्रदान गर्नुभयो । सम्मानित पथिक राष्टिय तथा स्थानिय विभिन्न संचारमाध्यममा सकृय रुपमा पत्रकारीता गर्दै आउनु भएको छ भने श्रेष्ठ रेडियो तिफदीमा काम गर्दै आउनुभएको छ ।

फोनिज रामेछापका अध्यक्ष कुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपाने,प्रमुख प्रशासकिय अधिकृत मित्र प्रसाद घिमिरे लगायत जिल्लाका सकृय पत्रकारहरुको उपस्थिती रहेको थियो ।

## कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय रामेछाप ४० औं नम्बरमा




कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय रामेछाप ९२ अङ्क ल्याएर ४० औं स्थानमा रहेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा देशभरका जिल्ला प्रशासनहरूको कामका आधारमा गरेको मूल्याङ्कनमा रामेछाप ४० औं स्थानमा परेको हो ।

जिल्ला प्रशासन कार्यालय रामेछापले ९२.६८७५ अंक पाएर ४० औं स्थानमा परेको गृह मन्त्रालयले सार्वजनिक गरेको जिल्ला श्रेणी तालिकामा उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय रुपन्देही पहिलो स्थानमा

कार्यसम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालय रुपन्देही ९८ अङ्क ल्याएर पहिलो स्थानमा रहेको छ भने जिल्ला प्रशासन कार्यालय सिरहा ७६ दशमलब २५ अङ्कसहित अन्तिम स्थानमा छ । ५७ वटा जिल्ला प्रशासन कार्यालयहरूले ९० भन्दा बढी अङ्क ल्याएका छन् ।

गृह मन्त्रालयले गत आर्थिक वर्ष २०८०/८१ मा गरेको कामका आधारमा गरेको मूल्याङ्कनमा १८ वटा जिल्ला प्रशासन कार्यालयहरूले ९५ भन्दा बढि अङ्क ल्याएका छन् ।ञ

कार्यसम्पादन मुल्याङ्कन सम्झौता बमोजिम मुल्याङ्क गर्दा जिल्ला प्रशासन कार्यालयहरुले ७६ दशमलब २५ देखि ९८ अङ्कसम्म पाएको मन्त्रालयले जनाएको छ । रुपन्देहीसहित पाल्पा, बाग्लुङ, रुकुम पश्चिम, मकवानपुर, पर्वत, गुल्मी, तेह्रथुम र सोलुखुम्बु उत्कृष्ट १० को सूचीभित्र परेका छन् ।

## हत्या आरोपमा रामेछाप दोरम्बा शैलुङका युवक पक्राउ



हत्या आरोपमा फरार रहेका रामेछापका एक युवक भक्तपुरबाट पक्राउ परेका छन् । रामेछापको दोरम्बा शैलुङ गाउँपालिका -३ का १९ वर्षीय रुजन श्रेष्ठलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको हो ।

उनीमाथि ४१ वर्षीय गणेश पाठकको हत्या आरोप लागेको छ । पाठक गत असार २० गते रामेछापको दोरम्बा शैलुङ गाउँपालिका ३ कै सल्यानभिरमा मृत फेला परेका थिए ।

घटना पश्चात फरार रहेका उनलाई भक्तपुरको सुर्यविनायक -८ स्थित दार्जलिङ हाईटमा लुकिछिपि बसेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । श्रेष्ठलाई आवश्यक कानुनी कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय रामेछाप ल्याइएको छ ।

## कर्पोरेट

# नेपालको सबैभन्दा सुरक्षित विधुत्तिय वालेट भनेकै "आइएमई पे"




काठमाडौं- आइएमई डिजिटल सोलुसन लिमिटेडको "आइएमई पे"ले हालै 'सिसा पिसिआई डीएसएस-द्ध.य प्रमाणीकरण प्राप्त गरेको छ ।

यो प्रमाणीकरणबाट आइएमई पे नेपालकै पहिलो पिसिआई डीएसएस द्ध.णप्राप्त गर्ने संस्था हुनुको साथै सबैभन्दा सुरक्षित तथा भरपर्दो विधुत्तिय भुक्तानी माध्यम बन्न सफल भएको छ ।

आफ्नो स्थापनाकाल देखिनै सेवाग्राहीहरुको व्यक्तिगत जानकारी तथा विवरणहरूको विशेष सुरक्षा गर्दै आएको आइएमई पेले केही समय यता सिसा इन्फरमेसन सेक्युरिटी मार्फत पिसिआई डीएसएसको मापदण्डहरु पुरा गरी सो प्रमाणीकरण प्राप्त गरेको हो ।

सो प्रमाणीकरण प्रत्येक वर्ष हुने अडिट पश्चात नविकरण गरिन्छ । यसैक्रममा यो वर्ष पनि आइएमई पेले सिसा पिसिआई डीएसएस प्रमाणको सम्पूर्ण मापदण्डहरु पुराएर नविकरण गरेको छ ।

आइएमई पेले अन्तरराष्ट्रिय स्तरको सुरक्षा प्रदान गर्दै ग्राहकवर्गको निजी तथा संवेदनशील जानकारीहरूको गोपनियता कायम गर्नका साथै डाटा उल्लङ्घन हुनबाट जोगाउने क्षमता भएका कारण सो प्रमाणीकरण प्राप्त गरेको हो ।

# हिमालय एअरलाइन्स्ले कुवेतमा उडान सुचारू गर्दै




काठमाडौं- नेपालको एक मात्र निजी अन्तर्राष्ट्रिय एअरलाइन्स्, हिमालय एअरलाइन्स्ले आउँदो अगस्ट २०, २०२४ देखि कुवेतमा आफ्नो सीधा उडान पुनः सुरु गर्दैछ ।

हाम्रा यात्रुहरूको आवश्यकता पूरा गर्ने हाम्रो प्रतिबद्धतालाई देखाउँदै कुवेतमा कार्यरत र बसोबास गर्ने नेपालीहरूको अत्याधिक मागलाई सम्बोधन गर्दै हिमालय एअरलाइन्स्ले आफ्नो सीधा उडान पुन सञ्चालन गर्न लागेको हो ।

यसैगरी, काठमाडौं-कुवेत-काठमाडौंमा पुनः सुरु गरिएको यस उडानले हाम्रो एअरलाइन्स्को दुई राष्ट्रका नागरिक- नागरिक बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने उद्देश्यलाई प्रोत्साहन गर्दछ। हाम्रो सेवा र ग्राहक अनुभवलाई अझ सुदृढ बनाउनका लागि, हामीले कुवेतका लागि जनरल सेल्स एजेन्ट (न्क्ब) पार्टनरको रूपमा सिजर्स ट्राभल ग्रुपलाई नियुक्त गरेका छौं ।

सुरुवातमा, हामी काठमाडौं-कुवेत-काठमाडौं हवाई मार्गमा हप्तामा एक उडान सञ्चालन गर्नेछौं, र थप मागको आधारमा उडानहरू थप्ने योजना बनाएका छौं । काठमाडौं-कुवेत उडान (ज्ढ छठद्द)काठमाण्डाँबाट स्थानीय समय अनुसार बिहान ००:४० बजे उडान भरेर स्थानीय समय अनुसार बिहान ०३:१५ बजे कुवेत अन्तर्राष्ट्रिय विमानस्थल, कुवेतमा अवतरण गर्नेछ । त्यसैगरी कुवेत-काठमाडौं उडान (ज्ढ छठद्द)कुवेतबाट स्थानीय समय बिहान ०४:१५ मा उडान भर्ने र स्थानीय समय अनुसार बिहान ११:५० मा काठमाडौं अवतरण गर्नेछ ।

हिमालय एअरलाइन्स् नेपाललाई विश्वसँग जोड्न र प्रवर्धन गर्न प्रतिबद्ध छ र काठमाडौं-कुवेत मार्गमा उडान पुनःस्थापना हाम्रो उक्त लक्ष्यको प्रमाण हो। हामी हाम्रा यात्रुहरूको यात्रा सहज र आरामदायी बनाउनका साथै नेपाल र कुवेतबीचको बलियो सम्बन्धलाई प्रगाढ तुल्याउन तत्पर छौं ।

कुवेतको लागि बुकिङ अब खुला छ र यात्रुहरूले हिमालय एअरलाइन्स् र कुवतेमा सिजर्स ट्राभल ग्रुपको सेल्स अफिस वा नजिकैको ट्राभल एजेन्सीमा सम्पर्क गर्न सक्नुहुन्छ वा हाम्रो वेबसाईट धधध.जㄅबबिथब-बष्चष्लिभक.अफ र मोबाइल एप्लिकेशन पनि प्रयोग गर्न सक्नेछन् ।

# नेपाल र भियतनामबीच पर्यटक आदनप्रदान गर्न दुई चार्टर उडान हुँदै

काठमाडौं- काठमाडौंको हात्तीसारमा कार्यालय रहेको हामी रुप्से होलिडेज परिवार नेपाल र भियतनामबिच पर्यटक आदनप्रदान गर्न थप दुई वटा चार्टर उडान गर्न लागेको विषय जानकारी गराउन पाउँदा अत्यन्तै हर्षित भएका छौं ।

नेपाल र भियतनामबिच पर्यटक आदनप्रदान गर्न यसअघि पनि कैयनपटक सफलतापूर्वक चार्टर उडान पूरा गरिसकेका हामी दशैंलगत्तै अब थप दुई चार्टर उडान गरी नेपाल र भियतनामलाई जोड्दै छौं ।

आगामी दशैंको टिकालगत्तै असोज ३० गते अर्थात् अक्टोबर १६ बाट ५ दिनका लागि नेपालबाट भियतनाम र भियतनामबाट नेपाल पर्यटक आदनप्रदान गर्न चार्टर उडान गर्न लागिएको हो ।

भियतनामबाट नेपाल आउने भियतनामी पर्यटकलाई भक्तपुर, नगरकोट, काठमाडौं दरबार स्क्वायर, पाटन दरवार स्क्वायर, स्वयम्भु र बौद्धनाथको दर्शन गराउने गरी कार्यक्रम तयार भएको छ ।

त्यसैगरी नेपालबाट भियतनाम घुम्न जाने पर्यटकका लागि पाँच दिनको टुर प्याकेज तयार पारिएको छ । भियतनामको राजधानी हानोई आसपासका पर्यटकीय गन्तब्यमा नेपाली पर्यटकलाई घुमाइने गरी तयारी भएको छ ।

नेपाल र भियतनामबीच सिधा उडान नहुने भएकाले चार्टर उडानमार्फत भ्रमण गराउन लागिएको हो । अन्य देश भएर भियतनाम जानु पर्दा धेरै खर्च हुने भएकाले चार्टर उडान गर्न लागिएको र दुबै देशबाट पर्यटक आउने र जाने भएकाले उडानको खर्च कम हुँदा टुर प्याकेज पनि सस्तो कायम गरिएको छ ।

हामीले भियतनाम भ्रमणका लागि सबै शुल्क जोडेर १ लाख ९ हजार ९९९ रुपैयाँको प्याकेज सार्वजनिक गरेका छौं । उक्त मुल्यमा भियतनामको दुईतर्फी हवाई टिकट, भिसा लेटर, एयरपोर्टबाट पिकअप तथा ड्रप, ब्रेकफास्टसहित होटेलको कोठा, स्थानीय टुरका लागि हुने खर्च, गाइड तथा यातायातको खर्च समावेश गरिएको छ ।

भियतनाम टुरका क्रममा नेपाली पर्यटकलाई भियतनामको राजधानी हानोई आसपासका विभिन्न पर्यटकीय गन्तब्यहरुमा घुमाइनेछ। पहिलो दिन हानोई पुगेर यहाँ थ्री स्टार होटलमा राखिनेछ भने दोस्रो दिन उत्कृष्ठ पर्यटकीय गन्तव्य निन बिन टापुमा भ्रमण गराइनेछ । भ्रमणको तेस्रो दिन अर्को उत्कृष्ठ गन्तब्य हा लोङ बे मा क्रुज सफारी हुनेछ। भ्रमणको चौथो दिन ट्रेन स्ट्रिट भिजिट र हानोईको सिटी टुर गराई पाँचौ दिन नेपाल फर्काइनेछ ।

कुल १ लाख ९ हजार ९९९ रुपैयाँको टुर प्याकेज भएपनि एकैपटक सबै रकम तिर्न नसक्ने पर्यटकका लागि मासिक ५ हजारको किस्ताबन्दीमा पनि घुम्न पाइनेछ । १२ महिना, १८ महिना वा २४ महिनाको मासिक किस्ताबन्दीमा रकम तिर्न सक्ने व्यवस्था हामीले मिलाएको छौं ।

हामीले अघिल्लो वर्षदेखि नै नियमितरुपमा चार्टर उडान गरी पर्यटक आदानप्रदान गरिरहेको यहाँहरुलाई अवगत नै छ । त्यसैको निरन्तरता स्वरुप दशैंलगत्तै थद दुईवटा उडान गर्न लागिएको हो। भियतनाम घुम्न चाहने यात्रुहरुलाई जति सक्दो छिटो आफ्नो सिट सुरक्षित गर्न हामी अनुरोध गर्दछौं ।

## बैंक वित्त

# झापाको दुर्गापुरमा प्रभु बैंकको शाखा सञ्चालन

काठमाडौं- प्रभु बैंक लिमिटेडले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने क्रममा मिति २०८१/०४/२५ देखि प्युठान नगरपालिका,वडा नं.४ प्युठान स्थित बिजुवारमा आफ्नो ३१५ औं शाखा खोली कार्यालयको सेवा सञ्चालनमा ल्याएको छ ।

जिल्ला समन्वय समिति प्रमुख धरम बहादुर जीसीले बैंकको नयाँ शाखाको उद्घाटन गरेका हुन् । प्रभु बैंक लि.ले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै विभिन्न ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहज रुपमा बैंकिङ्ग सेवा विस्तार गरेको छ ।

प्रभु बैंक लि.को यो अभियानले देशभरिनै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको छ। बैंकको बिजुवार शाखा मार्फत स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यवसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र यस क्षेत्रको समग्र आर्थिक उन्नतीमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।




त्यसैगरी, ग्राहकहरुको रोजाईको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकले नेपालभर ३१५ शाखा कार्यालयहरु, २८६ एटीएम साथै ६९ एक्सटेन्सन काउन्टर मार्फत करिब ३५ लाख भन्दा बढि ग्राहकहरुलाई बैंकिङ एवं वित्तीय सेवा प्रवाह गरिरहेको छ ।

अत्याधुनिक प्रविधि मार्फत गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको प्रभु बैंक छोटो समयको अन्तरालमा नै फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट समेत सम्मानित भएको छ ।

# खातामा स्थायी लेखा नम्बर (प्यान) अद्यावधिक गर्न एन आई सी एशिया बैंकको अनुरोध




काठमाडौं- लाखौं ग्राहक महानुभावहरूमाझ गतिशील बैंकिङ्गको अभ्यास गरिरहेको एन आई सी एशिया बैंक ग्राहक महानुभावहरूलाई आफ्नो खातामा स्थायी लेखा नम्बर (प्यान) अध्यावधिक गर्न अनुरोध गर्दछ ।

बैंकका ग्राहक महानुभावहरूको खाताबाट गरिएको करकट्टीको विवरण "आयकर ऐन २०५८" बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आवद्ध गर्नुपर्ने भएकोले ग्राहक महानुभावहरूले बैंकको पोर्टल (**panupdate.nicasiabank.com**) वा मोबाइल बैंकिङ्ग एप (**NIC ASIA MoBank**) मा रहेको "एब्ल ग्उमबतभ" विकल्पमा ट्याब गरी आफ्नो प्यान यथाशीघ्र अद्यावधिक गर्न सक्नेछन् ।

साथै, ग्राहक महानुभावहरूले आफूलाई पायक पर्ने यस बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत आफ्नो खातामा प्यान अध्यावधिक गर्नको लागि आवेदन दिन सकिने प्रबन्ध मिलाइएको छ ।

यस बैंकबाट निक्षेपकर्ताको ब्याज भुक्तानी वापत काटिएको करलाई **E–TDS** रेकर्डमा जनाउनको लागि प्यान अत्यावश्यक रहेको छ । उक्त प्यान अद्यावधिक भएपश्चात् निजहरूको करकट्टीको विवरण (**E–TDS**) सो प्यानमा प्रविष्ट गरिने हुँदा आयकरको प्रणालीले स्वचालित रुपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्ने गर्दछ ।

जसले गर्दा ग्राहक महानुभावहरूलाई करकट्टी प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्थाको समेत अन्त्य गर्ने बैंकले विश्वास लिएको छ ।

ग्राहक महानुभावले प्यान अद्यावधिक नगराएको कारणले **E–TDS** मा ब्याजकर दाखिला नभएको अवस्थामा र त्यस उप्रान्त ब्याज करमा थप समायोजन गर्नु परेको अवस्थामा बैंक जिम्मेवार नहुने व्यहोरा समेत बैंक सम्पूर्ण ग्राहक महानुभावहरुमा जानकारी गराउँदछ ।

साथै, यसअघि बैंकलाई प्यान उपलब्ध गराएर पनि करकट्टीको विवरण समावेश नभएको खण्डमा बैंकको नजिकैको शाखा कार्यालय वा ग्राहक सम्पर्क केन्द्रको फोन नम्बरहरू १६६०-०१-७७७७१, ०१-५९७०१०१ मा सम्पर्क गरी सेवा लिन हुन अनुरोध छ ।

एन आई सी एशिया बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटिएम, ११८ वटा विस्तारित काउन्टर एवं ५१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ । देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ ।

देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुर्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू.२६ अर्ब ५९ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.२ अर्ब ८९ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

देशको कुल जनसंख्याको ८०५ भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२५ शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई ल्याण्डमार्क होटलमा १५ प्रतिशत छुट

काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकहरुलाई ल्याण्डमार्क होटल एण्ड रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्रदान गर्ने समझदारी भएको छ ।

समझदारीमा ग्लोबल आइएमई बैंकका ट्रान्जेक्सन बैंकिङ्ग-सेल्स तथा बिजनेश विभाग प्रमुख प्रकाश पौडेल र ल्याण्डमार्क होटल एण्ड रिसोर्ट प्रा.लि.का ग्रुप जनरल म्यानेजर बोधराज लम्सालले हस्ताक्षर गरेकाछन् ।

उक्त समझदारी अनुसार बैंकका डेबिट-क्रेडिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग एप-ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताहरुले ल्याण्डमार्क होटल एण्ड रिसोर्टको काठमाडौं, पोखरा, चितवन तथा भैरहवास्थित होटल तथा रिसोर्टमा उपलब्ध सेवामा १० देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् ।

बैंकका ग्राहकहरुले होटल तथा रिसोर्टमा उपलब्ध सेवामध्ये बेड एण्ड ब्रेकफास्ट, खाना तथा संचालनमा रहेका अन्य सुविधाहरुमा १५ प्रतिशतसम्म छुट पाउने छन् ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको छ ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# अन्तराष्ट्रिय युवा दिवशको अवसरमा प्रभावफेरी, युवाहरुलाई हर्ष र विस्मात




**मोहन कार्की**

काठमाडौं- नेपालमा पनि अन्तराष्ट्रिय युवा दिवश मनाएको छ । काठमाडौंको कमलादी नेपाल प्रज्ञाप्रतिष्ठानमा केही स्काउटका प्रतिनिधिहरु, नेपाल प्रहरी, सशस्त्र प्रहरी, र युवा जस्तै देखिने केही युवा र अधवैसे मानिसहरु ति अधवैसे देखिने युवा परिषदका कर्मचारी जम्मा भई पुतलीसडकवाट नेपाल प्रहरीको टोलीले ब्याण्ड बाजा बजाउदै अगाडी -अगाडी हिडेको र पछाडी- पछाडी युवाको प्रभातफेरी नाम दिएको २०० जतिको समूह ताती लागेर रत्नपार्कको शान्ति वाटिका पुगेर कार्यक्रम गरेका छन् । "ब्यानरमा युवामा लगानी गरौं । युवामैत्री स्थानीय साशनको पवर्धन गरौं ।" "दिगो विकास लक्ष्यमा प्रगति, डिजिटल प्रविधिमा युवा पहुच अभिबृद्धि" जस्ता नारा ब्यानरमा टागेर कार्यक्रम गरेका छन् ।

स्मरणरहोस् : युवा परिषदले प्रभातफेरी पुतलीसडकवाट बागबजार हुदै शान्ति वाटीमा पुग्ने क्षेत्रमा अन्तराष्ट्रिय युवा दिवशमा निकालेको प्रभातफेरी भन्दा विदेश जानको लागि कन्सल्टेसीमा अध्ययन गर्न आएका बाग बजार क्षेत्रमा विद्यार्थीहरुको ठूलो संख्या फुटपाथमा हिडिरहेको दृष्यले युवा परिषद नामको निकायलाई गिज्याईरहेको देखिन्थ्यो । तर ति नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी लगायत दलका राजनीतिक नियुक्ति पाएकाहरु प्रभातफेरीमा फोटो खिज्नका लागि र शान्ति वाटिकामा मच्ची मच्ची भाषण गर्न लाज पचाईरहेका थिए । त्यही शान्ति बाटिकामा सरकारी पिडितहरु, दलितहरु लगायत कालो पाल टागेर धर्ना बसेको छेउमा नेता दर्ज हुन कोशिस गरिरहेका छन् ।

यस्तो अवस्थामा मनाईने अन्तराष्ट्रिय दिवश युवाहरुका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात भने झै भएको छ ।

# किसानले फलाएको आलुको बीउ खरिद गरेपछि किसानलाई राहत



काठमाडौं- पर्वतको जलजला गाउँपालिकाले किसानले फलाएको आलुको बीउ खरिद गरिदिएको छ । किसानले गत आर्थिक वर्षमा आलुको मूल बीउ उत्पादन गरेका थिए । उक्त आलु पालिकाले नै खरिद गरेपछि किसानलाई राहत मिलेको छ । रु १० लाख ७५ हजारभन्दा बढी मूल्य बराबरको आलुको बीउ पालिकाले खरिद गरेको छ ।

जलजला-६ शालिजाका तीन कृषक समूहले उत्पादन गरेको ३५ हजार चार सय ७० किलोग्राम बीउ आलु उक्त स्थानीय तहले खरिद गरेको हो । बीउ आलु बिक्री गरेका किसानलाई रु १० लाख ७५ हजार चार सय ७० भुक्तानी गरेको गाउँपालिकाको कृषि शाखाका अधिकृत राजु गौतमले जानकारी दिए ।

प्रगतिशील बीउ उत्पादक कृषक समूहले उत्पादन गरेको दुई हजार दुई सय ७० किलोग्राम मूलबीउ प्रतिकिलो रु ३५ का दरले रु ७९ हजार चार सय ७० मा खरिद गरेको छ । नमूना र प्रगतिशील बीउ उत्पादक कृषक समूहले उत्पादन गरेको ३३ हजार दुई सय किलोग्राम पहिलो पुस्ताको बीउ रु नौ लाख ६ हजारमा खरिद गरेको हो ।

बीउ उत्पादन गर्ने सबै किसानलाई जलजलाले नगद उपलब्ध गराएको छ । किसानबाट खरिद गरेको बीउ पोखरामा रहेको चिस्यानगृहमा भण्डारण गरिएको छ। बीउ, मल र उत्पादन सामग्री उपलब्ध गराउने गाउँपालिकाले किसानले उत्पादन गरेको आलुको मूल बीउ पनि खरिद गरिदिएको हो । गाउँपालिकाले किसानबाट बर्खायाममा खरिद गर्ने बीउ चिस्यानगृहमा भण्डारण गर्ने र हिउँदमा उनीलाई नै बिक्री गर्ने गरेको छ । आलुको बीउ बिक्री गरेर जलजला गाउँपालिकाले गत आव २०८०-८१ मा रु २९ लाख ७१ हजार आम्दानी गरेको छ । गाउँपालिकाको आन्तरिक आम्दानीको २२ प्रतिशत आलुको बीउ बेचेर भएको हो ।

जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले आलुको गुणस्तरीय बीउ उत्पादन, उत्पादन क्षमता कम भएको पुरानो बीउ विस्थापित र बीउ आलुमा आत्मनिर्भर बनाउन दुई वर्षयता पिविएम (पूर्व बीउ आलु) कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । जलजलाको धेरै भूगोलमा आलुखेती भए पनि वर्षौंदेखि एउटै बीउको प्रयोग हुँदा उत्पादन, गुणस्तर र रोगकीराको समस्या देखिएको थियो । उनले भने, "गुणस्तरीय बीउ उत्पादन गरेर आलु उत्पादन र गुणस्तर सुधार गर्ने उद्देश्यले राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको पूर्व मूल बीउ भित्र्याएर मूल बीउ उत्पादन गरी किसानलाई बिक्री वितरणको व्यवस्था मिलाएका छौं ।"

गाउँपालिकाले समूहमार्फत खरिद गरेको बीउ आलु पोखराको शीतभण्डारमा भण्डारण गरी सिजनमा गाउँपालिकाभित्रका बीउ उत्पादक कृषक समूहलाई नै वितरण गर्ने अधिकृत गौतमको भनाइ छ । जलजला आलु उत्पादनका लागि उर्वर मानिए पनि विगतमा उन्नत जातको आलुको बीउ समयमै नपाउँदा निराश हुने किसानको समस्या समाधान भएको प्रगतिशील बीउ उत्पादन समूहका तारानाथ भुसालले बताए ।

यसैबीच गाउँपालिकाले आर्थिक वर्ष २०८०-८१ मा ६६ हजार ७० किलो उन्नत बीउ बिक्री गरी रु २९ लाख ७१ हजार राजस्व सङ्कलन गरेको छ । गाउँपालिकाले किसानबाट खरिद गरेको आलुको बीउ ५० प्रतिशत अनुदानमा किसान र कृषि ज्ञान केन्द्रमार्फत सिफारिस भएका कृषक समूह तथा म्याग्दी, कास्कीलगायत जिल्लाका किसानलाई ३५ हजार नौ सय ७७ किलो बीउ बिक्री गरी रु २१ लाख ९८ हजार आम्दानी गरेको हो ।

# बन्दीपुर शिव महिम्नाहा उत्सव सम्पन्न

काठमाडौं- पर्यटकीय एवं धार्मिक ग्राम बन्दीपुरमा साउन १ देखि सञ्चालनमा रहेको शिव महिम्नाहा उत्सवको भव्य समापन भएको छ। खचाखच भरिएको ६ हजारभन्दा बढीको उपस्थितिका बिच व्यास आश्रमका संरक्षक कीर्तन शिरोमणि शान्ति स्वरूपानंद दामोदर बाबाले गरेका थिए ।



समापन मन्तव्यमा उहाँले वनदेवीको मुख्य आश्रम स्थल बन्दीपुरमा नै रहेको र भगवान् शिवजीले वनदेवीलाई प्रेरणाको स्रोतको रूपमा लिने गरेकोले बन्दीपुर धार्मिक पर्यटनको केन्द्र बन्नुपर्ने बताए ।

समापनको समारोहमा एक दिने शिव पुराण पण्डित दीपक सापकोटाले सङ्गीतमय ढङ्गबाट प्रस्तुत गरेर भक्तजनलाई भरपुर आनन्द तुल्याउनु भएको थियो। समारोहको सभापतित्व शिव महिम्नाहा उत्सव मूल आयोजक समितिका संयोजक किरण पोखरेलले गरेको सञ्चालन चिन्तामणि शर्माले गरेको कार्यक्रममा भक्तजनहरूलाई कृष्णराज अधिकारीले स्वागत गरेका थिए ।

त्यस्तै सन्ध्याकालीन आरती भने साउन ३२ सम्म सिद्धेश्वर महादेव मन्दिर केबलकारचोकमा चलिरहने छ। साउन महिनाभरि चलेको महामहिमा यात्रा सम्पन्न गर्न बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले मुख्य प्रायोजन गरेको थियो भने समग्र इभेन्ट व्यवस्थापन आरकेडि होल्डिङ्ग लिमिटेडले गरेको कार्यक्रममा सहयोगीका रूपमा बन्दीपुर गाउँपालिका, इलाका प्रहरी कार्यालय, खड्ग देवी मन्दिर समिति, तीनधारे टोल विकास संस्था र तनहुँ र गोर्खा जिल्लाका आमा समूहहरू रहेका छन् ।

## खेलकुद

### महिला लिग भदौमा




काठमाडौं- अखिल नेपाल फुटबल संघ (एन्फा) ले भदौमा हुने एन्फा महिला लिग फुटबलको खेल तालिका सार्वजनिक गरेको छ । महिला लिग भदौ १६ देखि हुने छ । सार्वजनिक खेलतालिकाअनुसार कोशी प्रदेशले वालिङ नगरपालिकाविरुद्ध उद्घाटन खेलमा प्रतिस्पर्धा गर्नेछ ।

लिगमा तीन विभागीय टोली (आर्मी, पुलिस र एपीएफ), महिला लिगबाट छनोट भएका तीन प्रदेश कोशी, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा ए, बी र सी डिभिजन क्लबका दुई टोली संकटा र वाग्मती क्लबसहित दुई नगरपालिका वालिङ र चन्द्रपुर गरी १० टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

महिला लिग तीन चरणमा खेलाइने छ । पहिलो चरणमा सिंगल राउन्ड रोबिन आधारमा ४५ खेल हुनेछ । त्यसपछि शीर्ष ५ भित्र रहेका टोलीबीच डबल राउन्ड रोविनका आधारमा सुपर लिग गराइने छ । दोस्रो चरणमा २० खेल हुनेछ । सुपर लिगमा शीर्च चारमा रहने टोलीबीच क्वालिफायर, इलिमिनेटर र फाइनल खेलाइने एन्फाले जनाएको छ ।

### लिगअघि बार्सिलोना पराजित

बार्सिलोना– हान्सी फ्लिकको बार्सिलोना सोमबार राति फ्रेन्च लिग टोली मोनाकोसँग मैत्रीपूर्ण मानिएको खेलमा ३-० ले पराजित भएको छ। अर्को साता सुरु हुने ला लिगा अगाडि बार्सिलोनाले यो पराजय भोगेको हो। जर्मन प्रशिक्षकको बार्सिलोनाको घरेलु मैदानमा यो पहिलो खेल थियो।



अमेरिका भ्रमणमा सानदार प्रदर्शन देखाउँदै रिएल म्याड्रिडमाथि विजय हात पारेको बार्सिलोनाले ओलम्पिक रंगशालामा भने त्यसअनुरुपको प्रदर्शन देखाउन सकेन । बार्सिलोनाले आयोजना गर्दै आएको ५९ औं जोन गाम्पर ट्रफीमा मोनाकोले लामिन कामेराको गोलमा सुरुआतमै अग्रता लियो । ब्रिल इम्बोलोले उक्त अग्रतालाई दोब्बर बनाए ।

टाउकोमा चोट बोकेपछि इल्काय गुन्डोगनले मैदान छाडेका थिए । फ्लिकले स्पेनको युरो २०२४ को सफलतामा चम्किएका स्टार लामिन यमललाई मैदानमा ल्याएका थिए । १७ वर्षे यमलले बार्सिलोनाको पीडामा कुनै चमक ल्याउन सकेनन्। यही मौकामा क्रिस्टिएन माविसालले मोनाकोबाट तेस्रो गोल गरेका थिए ।

प्रमुख प्रतिद्वन्द्वी रिएल म्याड्रिडबाट स्पेनिस लिग उपाधि खोस्ने आसमा रहेको बार्सिलोनाले शनिबार निकै कठिन मानिएको भ्यालेन्सियामा गएर ला लिगाको सुरु गर्दै छ। कार्लो एन्सेलोट्टीको रिएलले गत सिजन लिगसहित च्याम्पियन्स लिग जितेको थियो। फ्रान्सेली सुपर स्टार केलियन एमबाप्पे समावेश रिएलले आइतबार मायोर्कासँग लिगको पहिलो खेल खेल्नेछ ।

### हालान्डको अर्को दाबेदारी



लन्डन- म्यानचेस्टर सिटीका फरवार्ड इर्लिङ हालान्ड लगातार दोस्रो वर्ष पीएफए वर्षको उत्कृष्ट खेलाडी अवार्डबाट पुरस्कृत हुने सम्भावना बढेको छ। हालान्डसहित सिटीकै फिल फोडेन र रोड्री मनोनयनमा परेका छन्। सिटीले गत वर्ष लगातार चौथो पटक प्रिमियर लिगको उपाधि जित्नेक्रममा हालान्डले एक्लै ३८ गोल गरेका थिए ।

नर्वेका स्टार हालान्डले २०२२-२३ को सिजनमा सिटीलाई तेहेरो उपाधि दिलाउनेक्रममा पनि पीएफए अवार्ड जितेका थिए। सिटीको पछिल्लो सफलतामा रोड्री मिडफिल्डमा छाएका थिए। स्पेनले गत महिना युरो २०२४ को उपाधि जित्दा रोड्री प्रतियोगिताको उत्कृष्ट खेलाडी बनेका थिए। गत सिजनमा पेप ग्वार्डिओलाको टोलीका लागि इंग्ल्यान्डका फोडेनले २७ गोल गरेका थिए ।

चेल्सीका फरवार्ड कोल पाल्मर, आर्सनलका मिडफिल्डर मार्टिन ओडेगार्ड र एस्टन भिल्लाका स्ट्राइकर ओले वाट्किन्स मनोनयनमा परेका अन्य खेलाडी हुन्। अगस्ट २० मा म्यानचेस्टरमा पीएफए अवार्ड समारोहमा विजेता घोषणा हुनेछ ।

प्रिमियर लिगको नयाँ सिजन शुक्रबार राति म्यानचेस्टर युनाइटेडले फुलहमसँग खेलेर गर्दै छ। सिटीले आइतबार स्टामफोर्ड ब्रिजमा गएर चेल्सीको सामना गर्नेछ। लिभरपुलले नवप्रवेशी इप्सविच टाउनसँग शनिबार खेल्नेछ। आर्सनलको शनिबारै उल्भससँग हुनेछ ।

जनआकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४, २०८१ साल साउन ३१ गते बिहीबार (Aug 15, 2024)

# टानको अध्यक्षमा उम्मेदवारी दिने सागर पाण्डेले गरे अग्रीम घोषणा



काठमाडौं- ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालको निकट भविष्यमा हुन गैरहेको निर्वाचनले नयाँ नेतृत्व चयन गर्दै छ । जसमा विभिन्न ट्रेकिङ सम्बद्ध पर्यटन व्यवसायीहरु कार्यसमितिमा निर्वाचित भएर जानको लागि तयारीमा तयारी गरिरहेको बुझिन आएको छ ।

यतिवेला अध्यक्षको लागि सागर पाण्डेले उम्मेदवारी दिने घोषणा गरिसकेका छन् ।पाण्डे टानका पूर्वमहासचिवसमेत हुन पाण्डेले संस्थागत सुधार, पर्यटन मजदुरको कल्याणकारी कोष स्थापना, गन्तव्य प्रवर्द्धनलगायत विषयलाई प्राथमिकतामा राख्दै आफनो उम्मेदवारी घोषणा गरेका छन् ।

टानको निर्वाचनमा अध्यक्ष, पदाधिकारी र सदस्य गरी कूल २५ सदस्यीय कार्यसमितिमध्ये १७ जना निर्वाचित र बाँकी सदस्य मनोनीत गर्ने व्यवस्था छ ।

टानको नेतृत्वको लागि अध्यक्षका लागि सागर पाण्डेले दावी गरेपछि उनकै नेतृत्वमा अन्य कार्यसमिति टिम बनाएर जाने तयारी भइरहेको छ ।

# राष्ट्रिय युवा नीति २०८१ भदौ महिनाभित्रै ल्याउने मन्त्रीको उदघोष

काठमाडौं- युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले राष्ट्रिय युवा नीति, २०८१ भदौ महिनाभित्रै जारी गरेरै छाड्ने उदघोष गरेका छन् । सोमबार अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री चौधरीले भने, निकट भविष्यमै राष्ट्रिय युवा नीति, २०८१ जारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । सकेसम्म भदौ महिनाभित्रै ल्याउने जाजकारी म तपाईंहरलाई गराउन चाहन्छु ।

उनले स्वस्थ, कर्मठ र उद्यमी युवा तयार पार्ने संकल्प गर्न आवश्यक रहेको बताए । उनले नेपाली युवाहरुको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक रहेको बताए ।

उनले सिर्जना, क्षमता र शाहसको श्रोत मान्ने युवा वर्गलाई समयमै रोजगारी, सञ्चार, खाद्यान्न, शिक्षा, दिक्षा, जलवायु लगायतका महत्वपूर्ण विधामा भएको रुपान्तरणलाई आत्मसाथ गरी नवीनतम र सिर्जनात्मक प्राविधिक ज्ञानको प्रयोग गर्नुपर्ने अवसर र चुनौती थपिएको बताए ।

'सिर्जना, क्षमता र शाहसको श्रोत मान्ने युवा वर्गलाई समयमै रोजगारी, सञ्चार, खाद्यान्न, शिक्षा, दिक्षा, जलवायु लगायतका महत्वपूर्ण विधामा भएको रुपान्तरणलाई आत्मसाथ गरी नविनतम र सिर्जनात्मक प्राविधिक ज्ञानको प्रयोग गर्नुपर्ने अवसर र चुनौती थपिएको छ । उनले भने ।

उनले दिगो विकासका लक्ष्य प्राप्तिका लागि माबोइल, उपकरण, डिजिटल प्लेटफर्महरु, आर्टिफिसियल इन्टलिजेन्स भएको विकासका महत्वपूर्ण साधन बनेको बताए । उनले समृद्ध नेपालका लागि युवा र प्रविधिको उत्तम प्रयोग गर्न सक्नुपर्ने बताए ।

उनले भने, दीगो विकासका लक्ष्य प्राप्तिका लागि माबोइल, उपकरण, डिजिटल प्लेटफर्महरु, आर्टिफिसियल इन्टलिजेन्स भएको विकासका महत्वपूर्ण साधन बनेको छ । यसले आर्थिक, सामाजिक वातावरणीय आयामहरुमा गहिरो प्रभाव पार्नुका साथै नीति निर्माणका लागि समेत आधार तय गर्दै गएको छ ।

मन्त्री चौधरीले युवा तथा खेलकुद मन्त्रालयले नीतिगत रुपमा लिँदै आएको नेतृत्वदायी र समन्वयकारी भूमिकाबाट युवा उद्यमशीलतामा



जोड दिए । उनले नेपाली युवाहरुको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक रहेको बताए ।

समृद्ध नेपालका लागि युवा र प्रविधि उत्तम प्रयोग गर्न सक्नुपर्छ । स्वस्थ, कर्मठ र उद्यमी युवा तयार पार्ने संकल्प गर्न आवश्यक छ । नेपाली युवाहरुको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक छ भन्दै कार्यक्रमलाई सम्बोधन गरेका हुन् ।

पृष्ठ १ बाट जारी

## रङगमती...

कार्यक्रमहरु संचालनमा ल्याएको, स्वास्थ्य क्षेत्रमा विभिन्न तहका व्यक्तिहरुलाई आ-आफ्नै जिम्मेवारी तोकेको कुरा वडा अध्यक्षले जानकारी गराएकी छन् ।

पछिल्लो दुई वर्ष यता वडा नं.४ ले केही विकासमा फड्को मारेको छ । आर्थिक वर्ष २०८० र८१ मा संचालित योजनाहरु अहिलेसम्मकै धेरै योजनाहरु संचालनमा आएको छ । प्रत्येक गाउँमा बालबालिकाहरुलाई खोप भिटामिनको मात्रा उपलब्ध रहेको छ ।

गाडी नचले पनि रोड भने वडाको दुई ओटा गाउँमा पुगिसकेको छ बाकी दुई वटा गाउँमा छिटै पुग्ने कुरा व्यक्त गरेकी छन् । वडामा हुनुपर्ने कार्यक्रमहरु समयमै सम्पन्न पनि भएका छन् । गाउँका इच्छुक व्यक्तिहरुलाई टनेलका सामाग्री उपलब्ध गराइ खेतीयोग्यमा वडाले लगाएको छ । यस् वडामा कसैले भ्रष्टाचार गरेमा , योजनाका कामहरू सन्तोषजनक तरिकाले संचालन नगरेमा कसैलाई पनि छुट नहुने कुरा व्यक्त गरेकी छिन् ।

गाउँबासीको लागि रातदिन खटिन पाउँदा आफू निकै खुसी रहेको ,आफूलाई वडा नं.४ का जनताले निर्विरोध निर्वाचित गराएको परिमाण सकारात्मक रुपले प्राप्त गर्ने छन् र आफू सधैं भरी खटिरहने ,अब आउँदा आर्थिक वर्षहरुमा अझ राम्रो गर्दै लैजाने रणनीति अपनाएको कुरा व्यक्त गरेकी छन् ।

पृष्ठ १ बाट जारी

## एतिहासिक क्षेत्र...


थप्छौ भनेर बीचैमा लथालिङ छोड्ने गरेका छन् । यस्तो कार्यले नेपालका धार्मिक आस्था राख्ने आस्थावान मानिसहरुको आस्था माथि प्रहार गरेको जस्तो भान बनाउने गरेको छ ।

अर्को जाहा हिन्दु बाहुल्यता छ, 'त्यहाँ चर्च बनाउने, जहाँ बुद्धिस्ट बढीछन् त्यहा मज्जिद बनाउने, जहाँ मुस्लिम बढी छन् त्यहा मन्दिर बनाउने जस्ता कार्यहरु समेत भईहरको देखिन्छ । यसले आउदा दिनमा नेपाललाई धार्मिक आस्थाको रुपमा समस्या निम्त्यान सक्ने देखिन्छ ।

यस्ता धार्मिक रुपमा बढ्दै गएका बेतिथिहरुलाई बेलैमा रोकथाम गर्न सम्बन्धित निकायको ध्यान पुऱ्याओस् ।


## हार्दिक शुभकामना

जनआकाश साप्ताहिकले १७ औं वर्ष पुगे को उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।



**कुमार कार्की**
**अध्यक्ष**
**नेपाल राष्ट्रिय व्यवसायी महासंघ**



## हार्दिक शुभकामना

जनआकाश साप्ताहिकले १७ औं वर्ष पुगेको उपलक्ष्यमा विगतमा झैं आवाज विहिनहरूको आवाज बनोस भनि उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।



**रामहरि कार्की**
**अध्यक्ष**
**नेपाल हिमालय सिमापार बाणिज्य संघ (परिवार)**



## हार्दिक शुभकामना

जनआकाश साप्ताहिकले १७ औं वर्ष पुगे को उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।



**रवि सिंह**
**अध्यक्ष**
**नेपाल निर्माण व्यवसायी महासंघ**


# अन्तराष्ट्रिय

## जापानका प्रधानमन्त्री किशिदा पार्टी नेतृत्वको चुनाव नलड्ने



टोकियो– जापानका प्रधानमन्त्री फुमियो किशिदाले आफ्नो तीन वर्षे कार्यकालमा राजनीतिक घोटाला र बढ्दो जीवनयापन खर्च लागतका कारण सार्वजनिक असन्तुष्टिको सामना गर्नुपरेपछि पार्टीको नेताको चुनाव नलड्ने घोषणा गरेका छन् ।

जनविश्वासबिना राजनीति चल्न सक्दैनु उनले सत्तारुढ लिबरल डेमोक्रेटिक पार्टी ९एलडीपी० को नेताको रूपमा पुनस् चुनाव नलड्ने घोषणा गर्न बुधबार आयोजित पत्रकार सम्मेलनमा भने,मैले राजनीतिक सुधारलाई अगाडि बढाउने दृढ इच्छाशक्तिका साथ जनताको विचारमा यो ठूलो निर्णय गरेको छु।

किशिदाले २०२१ मा पदभार ग्रहण गरेपछि विवादास्पद एकीकरण चर्चसँग एलडीपीको सम्बन्धको बारेमा खुलासा भएको थियो । त्यसपछि उनको लोकप्रियता घटेको थियो ।

ुआगामी राष्ट्रपति चुनावमा लिबरल डेमोक्रेटिक पार्टी परिवर्तन हुनेछ भनेर जनतालाई देखाउन आवश्यक छु किशिदाले भने ।

ुपारदर्शी र खुल्ला चुनाव, र स्वतन्त्र र खुला बहस महत्त्वपूर्ण छ एलडीपी परिवर्तन हुनेछ भनेर संकेत गर्ने पहिलो सजिलो कदम भनेको मेरो लागि पछि हट्नु हो ु

पार्टी भित्र, कतिपयले किशिदाले सन् २०२५ मा हुने अर्को आम चुनावमा एलडीपीलाई जिताउन सक्छन् कि सक्दैनन् भनेर शंका गरेका छन् । पार्टी १९९५ देखि लगभग लगातार सत्तामा छ। गत डिसेम्बरमा,एलडीपीका चार क्याबिनेट मन्त्रीहरूले पन्ध्र दिनभित्र सत्तारूढ पार्टीको भ्रष्टाचार काण्डमा काण्डमा राजीनामा दिएका थिए ।

## रूसका एडसेन्स एकाउन्ट किन रद्द गर्दैछ गुगल ?




काठमाडौं-अल्फाबेट अन्तर्गतको गुगलले रूसमा आधारित एडसेन्स एकाउन्टहरु निष्क्रिय गर्ने भएको छ। कम्पनीले सोमबार आफूले रुसमा रहेका विज्ञापन सेवाका प्रयोगकर्ताहरूलाई भुक्तानी गर्न नसक्ने बताउँदै ती एकाउन्टहरु रद्द गर्न लागेको हो।

एडसेन्सले युट्युब लगायतका प्लेटफर्म तथा यसका कन्टेन्ट क्रियटर हरुलाई गूगलद्वारा व्यवस्थापन गरिएका विज्ञापनहरू राखेर पैसा कमाउन सहयोग गर्छ।

"रूसमा भइरहेका विभिन्न घटनाक्रमहरूका कारण, हामी रूसमा आधारित एडसेन्स खाताहरूलाई, भुक्तानी गर्न सक्षम हुने छैनौं,' गुगलका प्रवक्ताले भने,"यसको परिणामस्वरूप, हामीले यी खाताहरूलाई अगस्त २०२४ देखि निष्क्रिय गर्दैछौं।' यी एकाउन्टहरुले जसले रुस बाहिरको ट्राफिक अर्थात् वेबसाइटका भिजिटरमार्फत् पनि मनिटाइज गरिरहेका बताइएको छ।

कम्पनीले यो नयाँ नियमबारे सबै बाँकी एकाउन्टहरुलाई यसअघि नै सूचना पठाएको र उक्त सूचनासहितको पत्र अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले देखेको समाचारमा उल्लेख छ।'यदि तपाईंको कुनै सक्रिय भुक्तानी रोकिएको छैन र न्यूनतम भुक्तानी सीमा पूरा हुन्छ भने तपाईंको जुलाईको आम्दानी २१-२६ अगस्तको बीचमा वितरण गरिनेछ,' सन्देशमा भनिएको छ।

गुगलले के कति कारणले गर्दा यस्तो निर्णयमा पुगेको भन्नेबारे केही खुलाएको छैन तर रूसमा हालैका दिनमा युट्युब भिडियो होस्टिङ प्लेटफर्ममा सुस्तता आइरहेको छ।रुसी सांसदहरूले यो सुस्ततको कारण गुगलले सन् २०२२ को युक्रेन आक्रमणपछि रुसमा आफ्नो उपकरण अपग्रेड गर्न असफल भएकोलाई मानेका छन्। तर यो भनाईमा कम्पनी र प्राविधिक विशेषज्ञहरू सहमत नभएको जनाइएको छ।

विशेष गरी मस्कोले अवैध ठानेको सामग्री नहटाएका कारण गुगल रूसमा धेरै वर्षदेखि दबाबमा रहँदै आएको छ। रूसले रूसी-भाषाको स्वतन्त्र मिडियालाई दबाउँदै आएका कारण हालसम्म युट्युब रूसमा स्वतन्त्र अभिव्यक्तिको लागि अनलाइन एकमात्र विकल्पको रूपमा रहँदै आएको छ ।

# रमेश विकलका कथा, नाटक र उपन्यासका समग्र कृति सार्वजनिक



काठमाडौं- यशस्वी आख्यानकार रमेश विकलका सम्पूर्ण कथा, उपन्यास र नाटक सङ्गृहीत "रमेश विकल समग्र" मूल शीर्षक अन्तर्गत कथा, उपन्यास र नाटक खण्डकको आज लोकार्पण सम्पन्न भयो ।

गोकर्णेश्वर नगरपालिकाको आर्थिक सहयोगमा प्रकाशित विकलका नाटक, कथा र उपन्यास विधाका कृतिको एकीकृत संग्रह साउन २५ गते शुक्रबार गोकर्णेश्वर-८ त्रिवेणी ब्याङ्केटमा आयोजित एक विशेष समारोहमा सार्वजनिक गरिएको हो ।

रमेश विकल साहित्य प्रतिष्ठानको आयोजनामा सम्पन्न कार्यक्रम प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेको सभापतित्व तथा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसालको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

समारोहमा प्रमुख आतिथिको आशनबाट नगरप्रमुख रिसालले रमेश विकलको सक्रिय जीवनकालमा उहाँसंगको सामिप्यताले आफूलाई साहित्यको महत्व बुझ्न सहयोग गरेको बताउनुभयो ।

उहाँले नगरपालिकाले विकासका समग्र पक्षमा साहित्यलाई उच्च प्राथमिकता दिएर यहाँ रहेका साहित्यिक प्रतिष्ठानहरुलाई वर्षेनी बजेट विनियोजन गर्ने गरेको बताउनुभयो । उहाँले विकलको समग्र कृति प्रकाशनले उहाँको सिर्जना संरक्षणमा ठूलो मद्दत पुग्ने बताउनुभयो ।

नगरप्रमुख रिसालले नगरपालिकाले हरेक वर्ष विविध सांस्कृतिक गतिविधि गर्दैआएको जानकारी दिंदै साहित्यकारहरुको संरक्षण र हौसला प्रदान गर्न 'नगर साहित्य पुरस्कारको स्थापना गरेको र अहिले सो पुरस्कार नगरभित्रका मात्र नभएर बाहिरका साहित्यकारलाई पनि प्रदान गरिने जानकारी दिनुभयो ।

विशेष अतिथिको आसनबाट बोल्दै गोकर्णेश्वर नगरपालिका वडा नं ९ का अध्यक्ष राजिब थापाले रमेश विकल यस नगरपालिकाको वडा नं. ९ मा जन्मनु आफैंमा गर्वको विषय रहेको भन्दै साहित्यको उन्नयनमा आफ्नो तर्फबाट सदा सक्रिय भूमिकामा रहने बतानुभयो ।

कार्यक्रममा कृतिका सम्पादक ठाकुर शर्मा भण्डारीले विकलका २००६ सालदेखि सुरु भएको लेखनकार्य २०६४ सालसम्म कायम रहेको र उहाँको लेखनमा समाजको यथार्थता उतारिएको बताउनुभयो ।

नाटक खण्डको समीक्षा गर्द समीक्षक सार्दुल भट्टराईले सुरुमा कथाकारका रुपमा चर्चामा आउनुभएका विकलको २०२० सालमा शारदा पत्रिकामा 'सरदार भक्ति थापा' नाटक प्रकाशन भएपछि नाटककारका रुपमा पनि चर्चित हुनुभएको बताउनुभयो ।

त्यस्तै उपन्यास खण्डको समीक्षा गर्दै गोपी मैनालीले विश्व उपन्यासमा विकलका चार उपन्यास तुलनालायक रहेको र उहाँका उपन्यासहरुले सामाजिक यथार्थता उजागर गर्ने आधुनिक कालखण्डका उपन्यासहरुको चरण पार गरेको बताउनुभयो ।

विकलको सबभन्दा लोकप्रिय विधा कथा खण्डको समीक्षा प्रा.डा. हेमनाथ पौडेलले गर्नुभएको थियो । कथा विधामा विकलका पुस्तकाकारमा प्रकाशित, अप्रकाशित र पत्रपत्रिकामा प्रकाशित गरी १ सय ४२ वटा कथा रहेको छ ।

विमोचन समारोहमा प्रतिष्ठानका वरिष्ठ उपाध्यक्षा के के कर्माचार्यले स्वनगत गर्नु भएको सो समारोहमा महासचिव विजय चालिसेले धन्यवाद ज्ञापन गर्दै सबै साहित्यकार तथा साहित्यप्रेमीहरुलाई रमेश विकल साहित्य प्रतिष्ठान भ्रमण गरी विकल संग्रहालयको अवलोकन गर्न आग्रह गर्दै समग्र कृति प्रकाशनको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

सभापतिको आशनबाट प्रतिष्ठानका अध्यक्ष रोचक घिमिरेले सभा विसर्जन गर्दै नेपाली साहित्यमा रमेश विकलको महत्व र स्थान स्पष्ट रहेको बताउनुभयो ।

"रमेश विकलका समग्र कृति" नाम दिइएको तीन ग्रन्थहरु ३ हजार पृष्ठका हाराहारीमा रहेका छन् । ग्रन्थमा विकलका २०१६ सालदेखि २०७५ सम्म छापिएका रचनाहरुलाई समावेश गरिएको छ ।

## मुक्तक



### निर्मला बस्नेत

**मुक्तक १**

दु:ख पिडा साटेर लिने तिमी नै हो आमा
समस्यामा नि सुख दिने तिमी नै हो आमा
आफ्नो सन्तानहरुलाई केही समस्या पर्दा
घरी निन्द्राबाट बिउझिने तिमी नै हो आमा ।।

**मुक्तक २**

घाइते किन पार्नु पऱ्यो ढलाएर जाउ
ढलेपछि मेरो लास जलाएर जाउँ
बरु मेरो मानसम्मान केही नहोस्
तिमीले आफ्नो चर्चा चलाएर जाउं ।।

**मुक्तक ३**

तिमी मेरो दिलको राजा म रानी हुनुपर्छ
हामि दुईको मायाको नि कहानी हुनुपर्छ
तिर्खाले जब म मरुभूमिमा छट्पटिरहन्छु
तिमी चाहिँ प्यास मेटाउने पानी हुनुपर्छ ।

**मुक्तक ४**

तिमी मेरो हुन सकेनौं म के गरु
भाको खुसि पनि देनौ म के गरु
मायालु पनले चिनो सहित दिए
त्यहि चिनो पनि लेनौ म के गरु ।।

# 'छक्का पञ्जा ५'को 'बिहे भाको छैन' गीत सार्वजनिक



काठमाडौं- यस वर्षको ब्लकबस्टर मानिएको फिल्म 'छक्का पञ्जा ५' दशैंको फूलपाती असोज २४ गते देखि प्रदर्शनमा आउँदैछ । फिल्म प्रदर्शनका लागि अझै डेढ महिना बाँकी रहँदा निर्माण टिमले पहिलो गीत सार्वजनिक गरेको छ । 'बिहे भाको छैन' बोलको गीतमा सविन सुवेदी र बेनिशा पौडेलको स्वर छ भने दीपकराज गिरी र दीपक शर्माको शब्द तथा दीपक शर्मा स्वयंको संगीत छ ।

यस गीतमा फिल्मका शीर्ष अभिनेता दीपकराज गिरी र अभिनेत्री वर्षा सिवाकोटी रहेका छन् । गीतले उनीहरुबीचको प्रेमलाई दर्शाउँछ । कहिले यो जोडी दुलहा-दुलही बनेर देखिएका छन् भने कहिले क्लबमा नाच्दै प्रस्तुत छन् । सुनिल क्षेत्रीको कोरियोग्राफीमा बनेको गीतको अन्तिममा फिल्मका शीर्ष कलाकार केदार घिमिरे (माग्ने बुढा) पनि देखिएका छन् ।

दीपाश्री निरौलाको निर्देशनमा बनेको फिल्ममा निर्मल शर्मा, तेज गिरीसहित अभिनेता आचार्य सिग्देल केमियो भूमिकामा छन् । हरि हुमागाइँको डिओपी तथा उत्तम हुमागाइँको छायांकन रहेको फिल्ममा दीपकराज स्वयंको पटकथा लेखन छ भने कथा र संवादमा उनलाई केदार घिमिरे र दीलिप तामाङले सघाएका छन् । फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा विपिन मल्लको सम्पादन छ ।

'छक्का पञ्जा'को अघिल्ला चारवटै श्रृंखला सुपरहिट भएका थिए । पाँचौं श्रृंखला पनि सफल हुनेमा दुईमत छैन् । तर, यो फिल्मलाई सबैभन्दा ठूलो चुनौती 'कबड्डी ४'को खडा गरेको २२ करोडको रेकर्ड हो । धेरैपछि दीपक-दीपा समूहको फिल्म दशैंमा प्रदर्शन हुन लागेकाले 'कबड्डी ४'को रेकर्ड तोडिन सक्ने प्रक्षेपण गरिएको छ । फूलपातीमा 'छक्का पञ्जा ५'को भिडन्त '१२ गाउँ'सँग हुनसक्ने देखियको छ ।

# गणेश र आशाको मौलिक तीज गीत "माइतिर घर" सार्वजनिक

काठमाडौं- छाडा र उत्ताउला गीतले तिजलाई नै खल्लो र बिकृति उन्मुख बनाइरहेको बेला गणेश बाबु बिक र आशा बिकले भने तिजको झल्को मेटिने गरी गाऊ घरमा आमा, हजुर आमाहरुले घन्काउने लोक भाकालाई टपक्क टिपेर निकै मार्मिक र रोमान्चक चुड्का बनाएर अत्यन्त रमाइलो र मार्मिक "माइति घर" बोलोको तीज गीत न्दप झ्लतभचतबष्कभलत युटुब च्यानलबाट सार्वजनिक गरेकाछन् ।

गीतमा गोविन्द पंगेनी, गणेश बाबु बिक, पूर्ण सम्योग, लक्ष्मी परियार, आशा बिक, झुमा, अर्याल, गीता सिलवाल, अनु सोनीको आवाजले दर्शकको मन जित्न सफल भएको छ । भने अभिनय तर्फ आशा बिक, देवी कार्की गणेश



बाबु बिक, विक्रम बुढाथोकी, विमला सुनार, झुमा अर्याल, गीता सिलवाल अस्मिता सुनारको अभिनय आकर्षक रुपमा देख्न सकिन्छ । बिहे गरेका नारी माइता जान नपाउदा चेलीलाई कति पिडा हुन्छ भन्ने कुरा कलाकारहरुले गीत मार्फत प्रस्तुत गरेका छन् ।

# आजित उद्धोष कविता प्रथम



काठमाडा- ३९औं वार्षिकोत्सवको सुखद अवसरमा नेपाल विद्युत प्राधिकरणले यही साउन २५ गते शुक्रबार प्राधिकरण स्तरीय खुला कविता प्रतियोगिताको आयोजना गरेको छ ।

३९ औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति अन्तर्गतको कविता प्रतियोगिता सञ्चालन उपसमितिद्वारा आयोजित उक्त कार्यक्रममा कवि एवम् हास्यव्यङ्ग्यकार चट्याङ मास्टर प्रमुख अतिथि थिए ।विद्युतकर्मी साहित्यिक समाजका उपाध्यक्ष एवम् कविता प्रतियोगिता सञ्चालन उपसमितिका संयोजक शारदादेवी भट्टराई पोखरेलको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा विभिन्न भावभूमिका चालिस वटा कविताहरू प्रतिस्पर्धी थिए ।

ठाकुर बेलवासे, बलराम दाहाल र बिना थिङको निर्णायक मण्डलले मूल्याङ्कन गरी नतिजा सार्वजनिक गरेको उक्त प्रतियोगितामा अनिल पौडेलको ' आजित उद्धोष' कविताले प्रथम स्थान हासिल गरेको थियो भने सागर ज्ञवालीको 'मूल्य', विमला खडका बि.सी.को 'मेरो देश रोइरहेछ', मेघमणि गौतमको 'कविताको पुकार' र दिनेश शर्माको 'नोलाइट इन्चार्ज' शीर्षकका कविताहरूले क्रमशः द्वितीय, तृतीय, चतुर्थ तथा सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका थिए ।

सोही कार्यक्रमबिच विद्युतकर्मी साहित्यिक समाजको नियमित प्रकाशन ' अमरज्योति साहित्यिक त्रैमासिक'को ६३ औं अङ्क (वार्षिकोत्सव कविता विशेषाङ्क) समेत लोकार्पण गरिएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि कृष्ण मुरारी गौतम (चट्याङ मास्टर) ले प्राधिकरणका कर्मचारीहरूले इन्जिनियरिङ दक्षतासँगै साहित्य लेखन कौशलको समेत समानान्तर विकास गरेकोमा खुसी व्यक्त गरेका थिए । गौतमले बुढ्यौली जीवनका भोगाइजन्य व्यथाहरूलाई समेटेर तयार पारिएको हास्य-व्यङ्ग्यात्मक रचना प्रस्तुत गरेर मञ्चासीन तथा मञ्चाभिमुख सबैलाई भरपुर मनोरञ्जन प्रदान गरे ।


सो समारोहमा स्वागत मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले प्राधिकरणको मूल उद्देश्य परिपूर्तिका लागि कर्मचारीमा नवीन सोच र सिर्जनात्मक ऊर्जा थप्न यस्ता कार्यक्रमहरू फलदायी हुनेमा आफू विश्वस्त रहेको धारणा राखे ।

त्यसै गरी कार्यक्रमकी सभाध्यक्ष एवम् विद्युतकर्मी साहित्यिक समाजकी उपाध्यक्ष शारदादेवी भट्टराई पोखरेलले भौतिकका साथै भावात्मक ऊर्जा उत्पादनमा समेत नेपाल विद्युत प्राधिकरणले जागरुकता देखाएकोमा सन्तोष प्रकट गर्दै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेकी थिइन् ।

उक्त कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका उच्च पदस्थ अधिकृत र अन्य साहित्य अनुरागी कर्मचारीहरू, प्रतियोगी कविहरू,आधिकारिक र क्रियाशील ट्रेड युनियनका पदाधिकारीहरू, विद्युतकर्मी साहित्यिक समाजका पूर्व अध्यक्ष, पदाधिकारी र आजीवन सदस्यहरू, ने.वि.प्रा. का पूर्व कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा विशेष अतिथि एवम् निर्णायक मण्डलका सदस्यहरू- ठाकुर बेलवासे, बलराम दाहाल र बिना थिङ, ने.वि.प्रा. का निर्देशक थर्कबहादुर थापा, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू -कुलप्रसाद पराजुली, केशव प्रसाद रुपाखेती, पुण्य घिमिरे तथा रामेश्वर राउत 'मातृदास', कृष्णदेव रिमाल 'शब्दसेना', विष्णु आचार्य 'अतृप्त', बलराम पुडासैनी तथा चतुर्भुज गौतमले अप्रतियोगी रचना वाचन गरेका थिए । सो कार्यक्रमलाई विद्युतकर्मी साहित्यिक समाजका सचिव एवम् कविता प्रतियोगिता सञ्चालन उपसमितिका सहसंयोजक विष्णु आचार्य 'अतृप्त'ले सहजीकरण गरेका थिए ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४, २०८१ साल साउन ३१ गते बिहीबार (Aug 15, 2024)




# औपचारिक शेयर कारोबारको शुभारम्भ

काठमाडौं- लक्ष्मी सन्राइज बैंक लिमिटेडको शत् प्रतिशत स्वामित्वमा संस्थापित सन्राइज सेक्युरिटिज लिमिटेडले व्यवसायिक सञ्चालन शुरुवात गरेको छ । बैंकले साउन ३० गते एक समारोहका बीच लक्ष्मी सन्राइज बैंक लिमिटेडका अध्यक्ष रमण नेपालले सो कम्पनीको कारोबार सञ्चालनको औपचारिक शुभारम्भ गरेका थिए ।

उक्त कार्यक्रममा शुभकामना मन्तव्य दिंदै उहाँले कम्पनीले आगामी दिनमा शेयर कारोबारसँग सम्बन्धित सेवा सहज रुपमा दिने विश्वास व्यक्त गरेका हुन् । उनले व्यवसायिक सेवा प्रदान गर्दै पूँजी परिचालन तथा नेपालको पूँजी बजारको विकासमा आफ्नो तर्फबाट केही योगदान गर्ने कार्य प्रभावकारी रुपमा सन्राइज सेक्युरिटिज लिमिटेडले सफलता पाउन सकोस भनी कामना गरे । सोही कार्यक्रमका विशेष अतिथि लक्ष्मी सन्राइज बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अजय विक्रम शाहले लक्ष्मी सन्राइज बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा अर्को एउटा संस्था स्थापित भएकोमा खुसी र शुभकामना व्यक्त गरेका थिए ।

साथै स्नराइज सेक्युरिटिज लिमिटेडका प्रबन्ध सञ्चालक कमल गौतमले कारोबार शुभारम्भ कार्यक्रममा




उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै संस्थाले धितोपत्र खरिद बिक्री सम्बन्धी सम्पूर्ण सेवाहरु गुणस्तरिय रुपमा एकै ठाँउबाट सरल र सहज रुपमा प्रदान गर्न सकिने जानकारी दिएका थिए ।

गैह्रिधारा-२, काठमाडौंमा केन्द्रिय कार्यालय रहेको यस कम्पनीको अधिकृत तथा चुक्ता पूँजी रु. २०,००,००,०००/- (अक्षरेपी बीस करोड रुपैयाँ मात्र) रहेको छ भने स्टक ब्रोकर नम्बर १०० रहेको छ ।



आज देखि बजारमा उपलब्ध छ






गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार